# लेखापरीक्षण प्रतिवेदन

## थाक्रे गाउँपालिका, धादिङ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# थाक्रे गाउँपालिका, धादिङ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/684

श्रीमान् अध्यक्षज्यू,

थाक्रे गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, धादिङ ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष२०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/684

श्रीमान् अध्यक्षज्यू,

थाक्रे गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, धादिङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

**१. कैफियत सहितको राय:**

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

**२. कैफियत सहितको राय व्यक्त गर्ने आधार:**

२.१. गाउँपालिकाको आय र व्यय तर्फ रु १ अर्ब ६० करोड ८० लाख ३२ हजारको लेखापरीक्षणबाट रु. २ करोड २३ लाख ९६ हजार बेरुजु देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु. ५ लाख ७१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८१ लाख ६० हजार, नियमित गर्नुपर्ने रु. १ करोड ३५ लाख ८५ हजार र पेश्की बाँकी रु. ८० हजार गरी जम्मा रु. २ करोड २३ लाख ९६ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु. ३५ करोड ४८ लाख ७९ हजार मध्ये रु. ८० लाख ६२ हजार सम्परीक्षण भई यसवर्षको थप रु. ८० हजार गरी जम्मा रु. २ करोड २३ लाख ९६ हजार समेतहालसम्म अद्यावधिक बेरुजु रु.३६ करोड ९२ लाख १३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यवधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा:**

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी:**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाँउकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी:**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५० | ३९ | २,२३,९५,९८० | ० | ० | ० | ० | ५० | ३९ | २,२३,९५,९८० | ५,७१,३०८ | १,३५,८५,३२४ | ८१,५९,३४९ | ० | ० | २,१७,४४,६७३ | ८०,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धादिङ | ३५४८७९६२८ | 0 | ८०,६२,१३९ | ३४६८१७४८९ | 0 | २,२३,९५,९८० | ३६९२१३४६९ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | २.८ | वित्तीय बिबरणको परीक्षण | ५४,२१,३८२ |
| २ | २०८०/८१ | ९५ | पूर्वनिर्धारित क्षतिपुर्ति | २२,४२,६६६ |
| ३ | २०८०/८१ | ४ | आन्तरिक लेखापरीक्षण नगराएको | ३,९८,०९१ |
| जम्मा | | | | ८०,६२,१३९ |

# थाक्रे गाउँपालिका, धादिङ

# ( ८०३३०५०७३०० )

# थाक्रे गाउँपालिका , धादिङ

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु थाक्रे गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ११ वडा, ९६.४१ वर्ग किलोमिटर क्षेत्रफल तथा ३२,९१४ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तिय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।१९ देखि २०८२।८।२३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु १ अर्व ६० करोड ८० लाख ३२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ३०५६४०४ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | राजश्व ढिला दाखिला जरिवाना | १०४७२ |
| २ | 46 जनाको स्थानिय भत्ता वापत रु | २१०८५७० |
| ३ | आन्तरिक आय को जरिवाना अशुली | ३५८२ |
| ४ | लघु उधम कार्यक्रमको लागत साझेदारी | १४१४८ |
| ५ | दिवा खाजा वढी भुक्तानी | ७३९५ |
| ६ | प्रसुन निर्माण सेवा ढिला आय दाखिला जरिवाना | १८८८७८ |
| ७ | राइ कन्स्ट्रक्सन एण्ड सप्लायर्स पट्टामा मु अ कर दाखिला | ५७६६५९ |
| ८ | १६ जनाको वढी ग्रेड भुक्तानी असुली | २०९१८ |
| ९ | राइक कन्स्ट्रक्सन आय ढिला दाखिला व्याज | १२५७८२ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय विवरण परीक्षण

२.१ आर्थिक कारोबारको एकीकृत विवरण - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | | विवरण | रकम | |
| सुरु मौज्दात | | ३६०४४०५१.८६ | चालु खर्च | | ४२२२६४८७९.३३ |
| १.संचित कोष | २०२५६३४१.०८ | | १. पालिका तर्फ | १९७४८७०९० | |
| २.धरौटी | ११२०३७५७.३ | | २. संघीय सशर्त | २०५६४००७१ | |
| ३.कार्यसञ्चालन कोष | ३५८२९५३.४८ | | ३. संघीय विशेष | ०० | |
| ४. प्रकोप व्यवस्थापन | १०००००० | | ४. प्रदेश सशर्त | १९१३७६५८.३३ | |
| ५.विविध कोष खाता | १००० | | | | |
| यस वर्षको आय | | ९७३२७३८७.१५ | ५. प्रदेश विशेष | ०० | |
| १.आन्तरिक आय | ३१९१३५७०.३७ | | पुँजीगत खर्च | | १७९९५५५८८ |
| क) स्थानिय राजस्व बाडफाड | ६५४१३८१६.७८ | | | | |
| २. वित्तीय हस्तान्तरण (संघ) | | ४६५१८३५६१.६६ | १. पालिका तर्फ | १५३४६०६८१ | |
| क) समानीकरण अनुदान | १४१४०२१६० | | २. संघीय सशर्त | ९९४८०० | |
| ख) राजस्व बाँडफाँट | ९२१३७०००.६६ | | ३. संघीय विशेष | १९८०९०१ | |
| ग) सशर्त अनुदान | २२९६६३५०० | | ४. संघीय समपुरक | ०० | |
| घ) समपुरक अनुदान | ०.०० | | ५. प्रदेश सशर्त | ०० | |
| ङ) विशेष अनुदान | १९८०९०१ | | ६. प्रदेश विशेष | ६४८७१२२ | |
| च) रोयल्टी | ०.०० | | ७. प्रदेश समपुरक | १७०३२०८४ | |
| छ) अन्य | | | अन्तर सरकारी अख्तियारी (संघ) | | १५६१४१२३७.२३ |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | | ८३८०७४२४.२२ | क) सामाजिक सुरक्षा | १५०२३२१७५.२३ | |
| क) समानीकरण अनुदान | १६६०३००० | | ख) विद्यालय शिक्षा क्षेत्र योजना | १०३५००० | |
| ख) राजस्व बाँडफाँट | १९४१५४२४.२२ | | ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १०५५००० | |
| | | | घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३८१९०६२ | |
| ग) सशर्त अनुदान | २०७८९००० | | अन्तर सरकारी अख्तियारी (प्रदेश) | ०० | |
| घ) समपुरक अनुदान | २००००००० | | ऋण फिर्ता(साँवा) | ०० | |
| ङ) विशेष अनुदान | ७०००००० | | ऋणको ब्याज भुक्तानी | ०० | |
| च) रोयल्टी | | | धरौटी फिर्ता तथा सदर स्याहा | ४३७३८६४ | ४३७३८६४ |
| छ) अन्य | | | कार्यसञ्चालन कोषबाट भएको खर्च | ३९९८९४८ | ३९९८९४८ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. अन्तर सरकारी अख्तियारी (संघ) | | १५६१४१२३७.२३ | अन्य कोषबाट भएको खर्च | ०० | |
| क) सामाजिक सुरक्षा | १५०२३२१७५.३ | | गैरसरकारी संस्थाबाट सञ्चालित योजना | ०० | |
| ख) विद्यालय शिक्षा क्षेत्र योजना | १०३५००० | | अन्य सहयोगमा सञ्चालित योजना | ०० | |
| ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १०५५००० | | | | |
| घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३८१९०६२ | | अन्य खर्च भएमा | ०० | |
| ५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | ०० | | अनुदान फिर्ता | | |
| ६. ऋण/ वित्तीय व्यवस्था | ०० | | १. संघ तर्फ | | |
| ७. धरौटी आय | ६११७५८७.९३ | ६११७५८७.९३ | क) सशर्त अनुदान | २३०२८६२९ | २३०२८६२९ |
| ८. कार्यसञ्चालन कोष आय | ४४४८९४८ | ४४४८९४८ | ख) विशेष अनुदान | ०० | |
| ९. अन्य कोषको आय | ०० | | ग) समपुरक अनुदान | ०० | |
| १०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना | ०० | | २. प्रदेश तर्फ | | ५१३२१३५.६७ |
| ११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | ०० | | क) सशर्त अनुदान | १६५१३४१.६७ | |
| १२. अन्यआय | ११०६२९.६ | ११०६२९.६ | ख) विशेष अनुदान | ५१२८७८ | |
| | | | ग) समपुरक अनुदान | २९६७९१६ | |
| | | | अन्तिम मौज्दात | | ५४२८५५४६।६५ |
| | | | १. संचित कोषको मौज्दात | ३६१४९३६२.११ | |
| | | | २. धरौटी | १२९४७४८१.२३ | |
| | | | ३. कार्यसञ्चालनकोष | ४१८७७०३.३१ | |
| | | | ४.प्रकोप व्यवस्थापनकोष | १०००००० | |
| | | | ५.विविध कोष खाता | १००० | |
| जम्मा | ८४९१८०८२७.८८ | ८४९१८०८२७.८८ | जम्मा | ८४९१ | |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १५०२३२१७५.३ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु १०५५००० विद्यालय शिक्षा क्षेत्र सुधार योजना रु १०३५०००।०० र एकिकृत स्वास्थ्य क्षेत्र पुर्वाधार कार्यक्रम ३८१९०६२ गरी रु

१५६१४१२३७.२३ मलेप फा नं २७० मा समावेश गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण २७० समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको शुरु मौज्दातमा १०६९९५३ प्राप्ति रु. १९४९१९४३६.१ यस वर्षको भुक्तानी रु १९२६३०६९३.९ र अन्तिम मौज्दातमा रु ५९७३१.७ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत आ.व.को नगद तथा बैंक मौज्दात | यसवर्षको कुल जम्मा प्राप्ति | यसवर्षको कुल जम्मा भुक्तानी | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात |
|---|---|---|---|---|---|
| सुत्र अनुसारको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) (म.ले.प.फा.नं.२७०) | ३,४९,७४,०९७.९६ | ६१,८२,१७,३३९.९७ | ६०,२२,६४,५८७.३३ | ३४,१८,४२७.७६ | ५,४३,४५,२७८.३६ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३६०४४०५१.८६ | ८१३१३६७७६.०२ | ७९४८९५२८१.२३ | ० | ५४२८५५४६.६५ |
| फरक | १०६९९५३.९ | १९४९१९४३६.१ | १९२६३०६९३.९ | ०.० | ५९७३१.७ |

२.४ खर्च बिश्लेषण- पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु ९७३२७३८७.१५ राजस्व बाँडफाँड र अनुदानबाट रु ५४८९९०९८५,८८ समेत रु ६४६३१८३७३.०३ आम्दानी भएकोमा चालु तर्फ रु ४२२२६४८७९.३३ र पूँजिगत तर्फ रु १७९९५५५८८ समेत रु ६०२२२०६४७.३३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १६.१६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ८२,७६,५००. खर्च भएको छ जुन आन्तरिक आयको ८.५० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालुखर्च प्रतिशत ६५.३३ र २७.८४ प्रतिशत पूँजिगत निर्माणमा खर्च .भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माणमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ ।आन्तरिक आयको श्रोत खोजि प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू ३ करोड ६० लाख ३९ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको कार्यको सुशासन ऐन वमोजिम वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार भएको तर कर्यन्वय वँकी स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको पाइएन ।
- सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम खरिद नियमावली तयार गरेको पाईएन ।
- स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुद्बढ वनाउनु पर्ने देखिन्छ ।

## ४ सहकारी नियमन

सहकारी नियमावली, २०७६ को नियम ५(१)कार्यक्षेत्र एउटै स्थानीय तहमा मात्र हुने सहकारी संस्थाले सो स्थानीय तहमा दर्ता गराउनुपर्ने , १०(१) ले प्रत्येक सहकारी संस्थाले प्रत्येक आर्थिक वर्षको अन्त्य भएको ३ महिनाभित्र सम्बन्धित दर्ता गर्ने निकायमा नविकरणका लागि वार्षिक साधारणसभाले स्वीकृत आर्थिक विवरण र प्रतिवेदन लेखा परीक्षण (Audit) रिपोर्ट कार्यसमिति/सदस्य विवरण संस्थाको अद्यावधिक सदस्य संख्या राखी निवेदन दिनुपर्ने ब्यबस्था छ।त्यस्तै सोहि नियमावलिको नियम ५९(१)दर्ता गर्ने निकायले आफ्नो क्षेत्राधिकारभित्र रहेका सहकारी संस्थाहरूको कार्य सञ्चालन, लेखा–परीक्षण, वित्तीय अवस्था र कानूनी पालनको अनुगमन गर्नुपर्ने उल्लेख छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३५ वटा सहकारी संस्थाहरु दर्ता भएका मध्ये ३५वटा एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दर्ता भएका विवरण पेश भएको देखिएपनि अनुगमन गरी सहकारीको सञ्चालन तथा वित्तिय अवस्था वारे विश्लेषण गरि प्रतिवेदन गरेको देखिएन ।

## ५ कानून निर्माण एवं कार्यान्वयन

५.१ कानून र सञ्चालन स्थिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म २४ वटा ऐन, ४ वटा नियमावली, ८५ कार्यविधि ६ निर्देशिका र नर्मस २ गरी १२१ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । आवश्यकता अनुसारका कानून बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा वित्तिय व्यबस्थापनमा समेत प्रभावकारिता आउनसकेको छैन । कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आवश्यक कानून बनाई पालिकाको कार्यप्रकृयालाई व्यवस्थित गरिनुपर्दछ ।

५.२ न्यायिक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्षको बाँकी २९ वटा यस वर्ष ६९ उजुरी परेकोमा ७७ वटा फर्स्यौट भइ २१ कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी रहेको छ ।

## ६ संगठन तथा कर्मचारी व्यवस्थापन

६.१ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन - स्थानीय-सेवा-(गठन-तथा-सञ्चालन)-ऐन,-२०७९को दफा ७ वमोजिम स्थानिय तहको संगठन संरचना र दरवन्दी स्विकृत भएपछी सम्वन्धित स्थानिय तहले संगठन संरचना स्विकृत गर्ने वा पद सृजना गर्ने निर्णय भएको एक महिना भित्र र ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र प्रदेश किताबखानामा पद दर्ता गर्नुपर्ने उल्लेख छ पालिकाले ऐनको ब्यबस्था वमोजिम नयाँ संगठन संरचना र दरवन्दी स्विकृत गरी निर्णय भएको एक महिना भित्र प्रदेश किताबखानामा पद दर्ता गरेको नदेखिए को साथै ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र प्रदेश किताबखानामा पद दर्ता गरेको पनि देखिएन । पालिकाले उपलब्ध गराएको विबरण अनुसार ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण निम्नअनुसार छन ।

| सि नं | पद | स्विकृतदरवन्दी | स्थायीपदपुर्ती | रिक्त | अस्थायी/करार पदपुर्ति | कार्यक्रम करार पदपुर्ति |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | १ | १ | ० | ० | ० |
| २ | अधिकृत आठौ | १ | १ | ० | ० | ० |
| ३ | अधिकृत सातौ | १ | १ | ० | ० | ० |
| ४ | अधिकृत छैठौ | १० | ७ | २ | १ | ३ |
| ५ | सहायक पाचौ | ३६ | ३६ | ० | २ | ४ |
| ६ | सहायक चौथो | २२ | ४ | १८ | १७ | ३ |
| ७ | तह विहिन | | १ | | ३० | ० |
| | | ७१ | ५१ | २० | ५० | १० |

ऐनको ब्यबस्था वमोजिम ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र र नयाँ संगठन संरचना र दरवन्दी स्विकृत गरी निर्णय भएको एक महिना भित्र प्रदेश किताबखानामा पद दर्ता गरिनुपर्दछ ।

६.२ करार कर्मचारी - स्थानीय-सेवा-(गठन-तथा-सञ्चालन)-ऐन,-२०७९ को दफा १६ मा स्थानिय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागी कुनैपनि ब्यक्तिलाइ ज्यालादारी तथा करारमा नियुक्ति गर्न नपाइने उल्लेख छ तर सोहि ऐनको दफा ९ को उपदफा १४ मा सहायक चौथो र पाँचौ तहको पदवाट सम्पादन गरिने कार्य मध्येको कम्प्युटर अपरेटर, सवारीचालक, कार्यालय सहयोगी र चौकिदारको पदवाट सम्पादन हुने कामको लागी दरवन्दि भित्र रहि ब्यक्तिसंग करार गरी सेवा करारमा र प्लम्बर, इलेक्ट्रिसियन र यस्तै काम गर्ने अन्य पदका दरवन्दि भित्र नपर्ने पदमा संस्था गरार गरी सेवा करारवाट सम्पादन गराउन सकिने उल्लेख छ ।यो वर्ष पालिकाले स्वीकृत स्थायी दरवन्दीमा देहाय वमोजिम संख्यामा विगतदेखी नै कार्यरत कर्मचारीको करारको म्याद थप गर्दै कार्य लगाइ यस वर्ष रू. ८७ लाख ४१ हजार पारिश्रमिक भुक्तानी गरेको छ ।ऐनको ब्यबस्था विपरित स्थानिय सेवाको पदमा करारमा कार्यरत देखिएकोले यस्तो खर्च नियन्त्रण गरिनुपर्दछ ।

| पद | स्विकृत दरवन्दिमा करारमा कार्यरत कर्मचारी संख्या | मासिक तलव | वार्षिक तलव भत्ता रु. |
|---|---|---|---|
| अधिकृत छैठौ | १ | ४३६८९ | ५६७५९७ |
| सहायक पाचौ | २ | ३४७३० | ९०२९८० |
| सहायक चौथो | १७ | ३२९०२ | ७२७१३४२ |
| जम्मा | | | ८७४१९१९ |

६.३ तलवी प्रतिवेदनः- बागमती प्रदेश सरकारको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाइ कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रू १ करोड ७९लाख ३६ हजार पालिका तर्फ रू १ करोड ६० लाख १८ हजार समेत रू ३ करोड ३९ लाख ५४ हजार खर्च लेखेको छ। कानुन वमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

६.४ स्थानिय भत्ता- नेपाल सरकार, अर्थ मन्त्रालयलेच.नं. ५, मिति २०७१/४/२ मा जारी गरेको तलव तथा सुविधा सम्बन्धी पत्रमा स्थानिय भत्ता प्रयोजनको लागि स्थान बर्गिकरणगरी क, ख, ग, घ र ङ जिल्लाहरुको विभाजन गरेको छ । जसअनुसार धादिङ्ग जिल्ला ङ बर्गीकरणमा पर्ने देखिन्छ । अर्थ मन्त्रालयको पुन च.नं. ६८,मिति २०७१।५।२ को परिपत्र अनुसार च.नं. ५, मिति २०७१।४।२ को परिपत्र कार्यान्वयन नगरी साविक बमोजिम नै स्थानीय भत्ता प्रदान गर्नुपर्ने उल्लेख छ । जसअनुसार सो भन्दा अगाडीको परिपत्र भन्नाले २०६६।४।९ को अर्थमन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको परिपत्रलाई आधार मानेरस्थानीय भत्ता दिएको अवस्था छ । उक्त पत्रको स्पष्टिकरण खण्डको बुदा नं. २ मा घ बर्गको ६ कोष भन्दा माथिको दर पाउने जिल्लाकोगाउँ विकास समितिहरुमा धादिङ जिल्लाको वुढाथुम, लापा, फुलखर्क, रिगाँउ, सेर्तुङ, टिप्लङ, झारलाङ, दार्खा र बसेरी गाविस उल्लेख गरेको छ । सो ब्यवस्थाले यस पालिका क्षेत्रभित्र ड वर्गको सदरमुकाम भन्दा ६ कोष वाहिरको स्थानिय भत्ता पाउनेमा देहाय वमोजिम सो भन्दा वढीको स्थानिय भत्ता लिएको देखिएकोले असुल गर्नुपर्ने रु

| सि न | नाम थर | तह | भुक्तानी लिएको | भुक्तानी हुनुपर्ने स्थानिय भत्ता | फरक स्थानिय भत्ता | स्थानिय भत्ता लिएको महिना | वार्षिक वढी लिएको स्थानिय भत्ता रु |
|---|---|---|---|---|---|---|---|
| १ | श्री पुरन चन्द्र आचार्य | छैठौं | ८८०० | १२९० | ७५१० | ११ | ८२६१० |
| २ | श्री ज्ञान बहादुर खड्का | पाचौं | ५५१० | ९३० | ४५८० | १२ | ५४९६० |
| ३ | श्री विरबल महतो | का स | ३५५० | ५८० | २९७० | १२ | ३५६४० |
| ४ | श्री अनुजा गौतम | पाचौं | ५५१० | ९३० | ४५८० | १२ | ५४९६० |
| ५ | श्री दुर्ग बहादुर दर्जी | पाचौं | ५५१० | ९३० | ४५८० | १२ | ५४९६० |
| ६ | श्री धनेन्द्र खनाल | पाचौं | ५५१० | ९३० | ४५८० | ११ | ५०३८० |
| ७ | श्री डम्मर धामी | पाचौं | ५५१० | ९३० | ४५८० | १२ | ५४९६० |
| ८ | श्री शुष्मा कोइराला | चौथो / पाचौ | ५५१० | ९३० | ४५८० | १२ | ५०३४० |
| ९ | श्री सुमन कटुवाल | चौथो | ४६०० | ७९० | ३८१० | १२ | ४५७२० |
| १० | श्री लक्ष्मी नारायण शाह | चौथो | ४६०० | ७९० | ३८१० | १२ | ४५७२० |
| ११ | श्री कल्पना भट्टराई | पाँचौं | ५५१० | ९३० | ४५८० | ३ | १३७४० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | जम्मा | | | | | | ५४३,९९० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,४३,९९० |

**७ बजेट तथा कार्यक्रम**

७.१ बजेट सीमा निर्धारण र तर्जुमा समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु वैशाख महिनाको १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र प्रमुख प्रशासकिय अधिकृतले आगामी आर्थिक वर्षको बजेट सीमा वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले वजेट सिमा निर्धारण समितिको समितिको मिति २०८१।2.।12. वैठकवाट सिमा निर्धारण भएकोमा प्रमुख प्रशासकीय अधिकृतबाट विषयगत शाखा तथा वडालाई सोको जानकारी दिएको भएपनि ऐनमा व्यवस्था भएअनुसार वमोजिम तोकीएको समय वजेटको सिमा निर्धारण नभएकोले तोकिएको समायमै सिमा निर्धारण गरि यथार्थ वजेट निर्माणमा पालिकाको सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७.२ बजेट पेश, पारित र अख्तियारी - स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्ष ले मिति २०८१।३।९ मा रु १ अरव १ करोड ८० लाख १५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।९ मा पारित गरी मिति २०८१।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । अख्तियारी वमोजिम तोकिएको समयमा कार्य कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ ।

७.३ योजनाको प्राथमिकीरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल २६८ योजनामा वजेट विनियोजन गरेको छ।

| क. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ७४ | ६ | २५ | ४३ |
| २ | वडास्तरीय | १९४ | ४ | ४६ | १४४ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

७.४ बार्षिक खरिद योजना - सार्वजनिक खरिद नियमावली २०६४ को नियम मावार्षिक १० लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा सो आर्थिक वर्षमा गर्ने खर्चको वार्षिक खरिद योजना तयार गर्नुपर्ने र बार्षिक खरिद योजनामा खरिदको सम्भावित प्याकेज, खरिद कारवाहीको समय तालिका, खरिद बिधि समेत खुलाउनुपर्ने ब्यबस्था छ ।पालिकाले यस वर्ष देहाय खर्च शिर्षकमा वार्षिक १० लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नुपर्ने गरी रु ३७२०२०००.वजेट विनियोजन गरी रु २२८०९०१०. खर्च गरेको देखिएकोमा खरिद योजना वमोजिम खरिद कार्य नहुदा पटक पटक सिधै खरिद कार्य भइ प्रतिस्पर्धा नहुदा खरिद कार्य मितव्ययी देखिएन । अत: खरिद सम्वन्धी नियमको उल्लेखित ब्यबस्था अनुसार खरिद योजना तयार गरी लागु गर्नुपर्दछ ।

| खर्च कोड | खर्च शिर्षक | वजेट | खर्च |
|---|---|---|---|
| २२२१३ | सवारी साधन मर्मतखर्च | १५,५०,०००.०० | १४,५८,०४७.०० |
| २२३११ | मसलन्द तथाकार्यालय सामाग्री | ८२,००,०००.०० | ४८,१७,५२८.०० |
| २२३१५ | पत्रपत्रिका, छपाईतथा सूचना प्रकाशन खर्च | ३१,४५,०००.०० | ३०,८०,१३९.०० |
| २२३१९ | अन्य कार्यालयसंचालन खर्च | १,००,१२,०००.०० | ६७,०४,७३३.०० |
| २८१४३ | सवारी साधन तथामेशिनर औजार भाडा | ३२,००,०००.०० | १७,५०,०५०.०० |
| ३११२२ | मेशिनरी तथा औजार | ७९,९५,०००.०० | २८,९८,५१३.०० |
| ३११२३ | फर्निचर तथाफिक्चर्स | ३१,००,०००.०० | २१,००,०००.०० |
| जम्मा | | ३७२०२०००. | २२८०९०१०. |

७.५ योजना तथा वजेट कार्यान्वयन – पालिकाको योजना तथा बजेट सम्वन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

1. त्रैमासिक खर्च अवस्था- आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु १७ करोड ९९ लाख ५६ हजार भएकोमा प्रथम त्रैमासिकमा रु ४ करोड ७८ लाख ६० हजार , दोश्रो त्रैमासिकमा २ करोड ९५ लाख ३५ हजार, तेश्रो चौमासिकमा १ करोड ९२ लाख २० हजार, चौथो त्रैमासिकमा ८ करोड २३ लाख ७४ हजार र आषाढ महिनामा २ करोड ७२ लाख १४ हजार देखिन्छ। चौथो त्रैमासिक खर्च ४५.७७ प्रतिशत र आषाढ महिनाको खर्च १५.१२ प्रतिशत रहेकोले त्रैमासिक विनियोजन वमोजिम वजेट खर्च गरिनुपर्दछ ।
2. रकमान्तर-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक वजेटको अधिनमा रहि कुनै शिर्षकवाट पुजिगत शिर्षकमा पच्चिस प्रतिशत नवढाइ रकमान्तर गर्न सक्ने उल्लेख छ ।त्यस्तै, पालिकाको विनियोजन ऐन २०८१ ले चालु र पुजिगत खर्च शिर्षकमा १ अरव १ करोड ८० लाख १५ हजारको वजेट स्विकृत गरेको मा पालिकाले आन्तरीक श्रोत र निशर्त वित्तिय हस्तान्तरणमा १३६ वटा कार्यक्रम/योजना लाइ घटाइ मौज्दातवाट समेत १७२ वटा नयाँ कार्यक्रम/ थप गरी रु.९४४३३०००।०० रकमान्तर गरेको छ । वजेट तथा कार्यक्रम स्वीकृत भैसकेपछि सो कार्यन्वयन हुन

नसक्ने आधार वेगर आर्थिक वर्षको विचमा कार्यक्रम/योजना संसोधन गरी रकमान्तर गर्नु उचित देखिएन ।

७.६ दायित्व सृजना र भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। त्यस्तै आर्थिक-कार्यविधि-तथा-वित्तीय-उत्तरदायित्व-नियमावली-२०७७ को नियम ३९ को उपनियम १३ वमोजिम चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी भुक्तानी दिन बाँकीको विवरण तयार गरी प्रमाणित गराई राख्नु पर्ने र नियम ३९ को उपनियम (१५) वमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको प्रमाणित विवरणमा समावेश भएको खर्च भुक्तानी दिन बाँकी रहेमा चालू आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा स्वीकृत वार्षिक कार्यक्रममा समावेश गरी भुक्तानी दिन सक्ने ब्यबस्था छ। पालिकाले नियमित तथा चालु प्रकृतिका र पुजिगत रु ८८८२८८०० गरी गत वर्षको भुक्तानी दिन बाँकी दायित्व देखिएकोमा बजेटमा समावेश गरी भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र भुक्तानी दिने गरी बजेट निर्माण गर्नुपर्नेमा चालु प्रकृतिको दायित्वमा राखि भुक्तानी दिन मिल्ने देखिएन ।

## ८ अनुदान प्राप्ती, वितरण, उपयोग

८.१ समानीकरण अनुदान रकमको उपयोग- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २८ मा कानुन वमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागी प्राप्त भएको हो सोहि प्रयोजन लागी प्रयोग गर्नुपर्ने उल्लेख छ ।त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनको बुदा च ( १२ र १४) मा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१(४)मा प्रदेश तथा स्थानीय तहले आफुले उठाएको राजश्व र उक्त ऐन बमोजिम राजश्व बाँडफाँडवाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने ब्यबस्था रहेको हुदा प्रदेश तथा स्थानीय सरकारहरुले प्रशासनिक खर्च [पारिश्रमिक / सुविधा, मालसामान तथा सेवाको उपयोग अनुगमन तथा मूल्याङ्कन खर्च भ्रमण खर्च, विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको अध्ययन तथा भ्रमण खर्च, विविध खर्च, सभा सञ्चालन खर्च, निवृत्तिभरण तथा अशक्तवृत्ति, उपदान, सेवा निवृत्तको सञ्चित विदा, सेवा निवृत्तको औषधि उपचार, जग्गा / घर / सवारी साधन / मेशिनरी औजारको भाडा, राजस्व, न्यायिक तथा अन्य फिर्ता भैपरी आउने चालु खर्च] जस्ता शीर्षक वा विषयमा वित्तीय समानीकरणको अनुदानबाट प्राप्त रकमको प्रयोग गर्न नहुने र आर्थिक वर्षको अन्त्यमा फ्रिज भएको वित्तीय समानीकरण अनुदानको रकम अर्को आर्थिक वर्षमा खर्च गर्दा जुन प्रयोजनको लागी विनियोजन भएको हो सोहि प्रयोजनमा मात्र खर्च गर्नुपर्ने र यस्तो रकम आन्तरिक आयको रुपमा गणना गरी चालु प्रकृतिका शीर्षकमा खर्च गर्न नपाईने उल्लेख छ ।पालिकाको यस बर्षको श्रोतगत खर्चको फाँटवारीमा मार्गदर्शन विपरित देहाय चालु प्रकृतिका खर्च शीर्षकमा रु ५३२०२००० विनियोजन गरी ४७३८७११५ खर्च गरेको देखिएको छ । ऐनमा उल्लेखित ब्यबस्था र आयोगको मार्गदर्शन विपरित पालिकाले वजेट विनियोजन गरी खर्च गरेको देखिएकोले वजेट विनियोजन तथा खर्च गर्दा उक्त कानुनी ब्यबस्थाको पालना गरिनुपर्दछ ।

| खर्च संकेत नं. | खर्च शीर्षक | अन्तिम बजेट | वजेट खर्च |
|---|---|---|---|
| नेपाल सरकार - समानिकरण अनुदान : नेपाल सरकार - नगद अनुदान | | | |
| २११११ | पारिश्रमिककर्मचारी | ३,३९,१८,०००.०० | ३,३३,५४,९०७.०० |
| २११२३ | औषधीउपचारखर्च | २५,००,०००.०० | १७,६८,२४८.०० |
| २२२१३ | सवारीसाधन मर्मत खर्च | ५०,०००.०० | ३०,९७३.०० |
| २२३११ | मसलन्दतथा कार्यालय सामाग्री | ४,००,०००.०० | ३,९८,११६.०० |
| २२३१९ | अन्यकार्यालय संचालन खर्च | १७,७७,०००.०० | १७,४५,४६९.०० |
| २२७११ | विविध खर्च | ४५,०१,०००.०० | ३१,७७,७०१.०० |
| २८१४३ | सवारी साधन तथामेशिनर औजार भाडा | १,००,०००.०० | ८०,०००.०० |
| बागमती प्रदेश - समानिकरण अनुदान : बागमती प्रदेश - नगद अनुदान | | | |
| २११११ | पारिश्रमिककर्मचारी | ८६,२६,०००.०० | ५६,१०,२४५.०० |
| २११२१ | पोशाक | ८,३०,०००.०० | ७,६०,०००.०० |
| २२७११ | विविध खर्च | ५,००,०००.०० | ४,६१,४५६.०० |
| | | ५३२०२००० | ४७३८७११५ |

८.२ सवारी साधन कर वाडफाड - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २८ मा कानुन वमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागी प्राप्त भएको हो सोहि प्रयोजन लागी प्रयोग गर्नुपर्ने उल्लेख छ ।त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको सवारीसाधन कर मार्गदर्शनको वुदा ५ मा सवारी साधन कर वाडफाडको रकम उपयोग गर्दा सो रकमबाट स्थानिय सडकको मर्मतसम्भार तथा सडक सुरक्षा ब्यबस्थापन, वसपार्क, यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण लगायतका पुर्वाधारमा वजेट विनियोजन गरी खर्च गर्नुपर्ने उल्लेख गरेको छ ।यस बर्ष पालिकामा प्राप्त भएको सवारी साधन कर वाडफाड रकम रु १९४१५४२४.२२ मध्ये यस बर्षको श्रोतगत खर्चको फाँटवारीमा तोकेको क्षेत्रमा खर्च नगरी कार्यालयको नियमित प्रकृतिका चालु खर्च शिर्षकमा रु १४३९६०००.विनियोजन गरि रु ११६१८१७६ खर्च गरेको देखिएको छ । ऐनमा उल्लेखित ब्यबस्था र आयोगको मार्गदर्शन विपरित पालिकाले वजेट विनियोजन गरी खर्च गरेको देखिएकोले वजेट विनियोजन तथा खर्च गर्दा उक्त कानुनी ब्यबस्थाको पालना गरिनुपर्दछ ।

| वाँडफाडवाट प्राप्त रकम | खर्च संकेत | खर्च शिर्षक | वजेट रकम | खर्च रकम |
|---|---|---|---|---|
| १९४१५४२४.२२ | २११११ | पारिश्रमिककर्मचारी | ६६,५६,०००.०० | ६२,७६,९६३.०० |
| | २११३४ | कर्मचारीकोबैठक भत्ता | १,००,०००.०० | ७४,५१०.०० |
| | २११३९ | अन्यभत्ता | २,००,०००.०० | २,००,०००.०० |
| | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १,००,०००.०० | ८२,६००.०० |
| | २२४११ | सेवार परामर्श खर्च | ५,००,०००.०० | ४४,२१५.०० |
| | २२६१२ | भ्रमण खर्च | ६,००,०००.०० | ५,९९,९९५.०० |
| | २२७११ | विविधखर्च | ५२,४०,०००.०० | ३३,४०,१७३.०० |
| | २२७२१ | सभासञ्चालन खर्च | १०,००,०००.०० | ९,९९,७२०.०० |
| | | | १४३९६०००. | ११६१८१७६. |

## ९ सम्पत्ति उपयोग र संरक्षण

९.१ सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण - स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मालपोत कार्यालयवाट जग्गा प्रशासन निर्देशिका, २०५८ को बुँदा नं. ४१४ वमोजिम सरकारी र सार्वजनिक जग्गा अनुसूची १९ र २० बमोजिमको ढाँचामा दर्ता रहेका सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख लिई सो को आधारमा सार्वजनिक संरचना समेतको अद्यावधिक अभिलेख राखेको र त्यस्ता सम्पत्तिको अनुगमन गरेको देखिएन। जस्ले गर्दा सार्वजनिक,पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन गर्न सकिएन।पालिकाले कानून बमोजिम मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख लिइ सो को आधारमा सरकारी/सार्वजनिक जग्गाको एकीकृत अभिलेख राखी सार्बजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरीनुपर्दछ ।

९.२ सम्पत्तिको उपयोग र संरक्षण – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९४ मा कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनमिना नहुने गरी लगत श्रेस्ता सहित त्यस्को संरक्षण गर्ने कर्तब्य त्यस्तो जिम्मा लिने कर्मचारी र सम्वन्धित कार्यालय प्रमुखको हुने ब्यबस्था छ । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS वमोजिम पालिकाको यस आर्थिक वर्षमा घर जग्गा तथा देहाय प्रमुख सम्पत्ति देखिएकोमा सार्वजनिक सम्पत्तिको उपयोग तथा संरक्षणमा अवस्था देखिएको व्यहोरा निम्न छ ।

| सम्पत्ति | संख्या | खरिद/ प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | | | |
| सवारी साधन दुइ पाङग्रे | ३६ | ११७९९८२३ | |
| सवारी साधन चार पाङग्रे | १ | २,३८५,०००.०० | |
| एम्वुलेन्स | ३ | ९९९,८७८.१० | २ वटा नखुलेको |

- इन्धनको अभिलेख – कार्यालयले कर्मचारीको लागी इन्धन सुविधा वितरण आधार तयार गरी को अभिलेख अद्यावधिक गरि राख्नुपर्ने ब्यबस्था छ । कार्यालयको अभिलख अनुसार कार्यालयमा सवारि साधन ३७ रहेको देखिएको छ । कार्यालयले इन्धन सुविधा वितरण को अभिलेख अद्यावधिक नहुनुको साथै यस बर्ष इन्धन (कार्यालय प्रयोजन)मा रु ४४,४०,५४०.०० खर्च

भएकोमा पेट्रोल ४६७५ लिटर को औषत रु १६० का दरले रु ७,८४,००० र डिजेल ५२३२ लिटरको औषत प्रति लिटरको रु १४५ का दरले रु ७,५८,६४० गरी जम्मा रु १५,४२,६४० मात्र पाम्समा दाखिला भएको छ । पालिकाले सम्पुर्ण इन्धन खर्चको अभिलेख पाम्समा प्रविष्ट गर्नुपर्दछ ।

- सो को अभिलेख PAMS मा समेत राखिएको नदेखिएकोले इन्धन खर्चको आधार तय गरी सो को अभिलेख PAMS मा समेत राखिनुपर्दछ ।
- पालिकाले यसबर्ष २ वटा भवन(मदन भण्डारी प्राऔधिक महाविद्यालय को रु ३४२१०३२२ मा र रानिझरना क्लोनिङ तालीम तथा रिसर्च सेन्टरको रु ४००९५४८२।०० मा यसबर्ष कार्य सम्पन्न भएकोमा ति भवन तोकिएको कार्यमा सञ्चालनमा नआएको र ती भवनले ओगटेको जग्गा सार्वजनिक नै रहेकोमा सरकारको स्विकृति लिएको नदेखिनुको साथै उक्त भवन प्रयोगमा नआएको अवस्था छ ।
- सवारी मर्मत सम्भार – कार्यालयले कार्यसञ्चालन निर्देशिका तयार गरेको देखिएन । पालिकाको अभिलेखमा देखिएको ३७ सवारी साधन र मेशिनरी औजारको को मर्मत सम्भार रु २४५१४५३ देखिएको छ । साथै ति साधनको मर्मत सम्भारको अभिलेख पाम्समा राखेको देखिएन । सामान्यतया कुनै पदाधिकारी वा कर्मचारीले सरकारी सवारी साधन कार्यालयको काम बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न नपाइने र सरकारी सवारी साधन प्रयोग गर्ने कर्मचारीलाई निजले प्रयोग गरेको सवारी साधनको लागि मर्मत विल बमोजिम बढीमा कार / जिप /मेशिनरी औजारको वार्षिक पचास हजार र मोटरसाईकल वा स्कूटरको लागि वार्षिक दश हजार नबढ्ने गरी उपलब्ध गराइने मर्मत खर्च भन्दा बढी रकमको सवारी साधनको मर्मत सम्भार बापतको रकम भुक्तानी गर्नु पर्ने अवस्थामा कार्यपालिकाले अनुगमन गरेको देखिएन ।
- उपकरण सञ्चालन र कार्यबिधि- पालिकामा रहेका २ एम्बुलेन्सको पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आयको छुट्टै अभिलेख राखी लेखापरिक्षणमा पेश गरेको छैन । एकातर्फ एम्वुलेन्स सञ्चालनको पुर्ण रुपमा लगसिट नहुने अर्कोतर्फ लगानी र आय विश्लेषण समेत नहुनाले र एम्वलेन्सको आय श्रेस्ता साधन सञ्चालन अवस्था कस्तो छ एकिन गर्न सकिएन । उक्त साधन सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण प्राथमिक स्वास्थ्य केन्द्र वाट व्यबस्थापन हुने गरेको पाइयो । पालिकाको एम्वुलेन्स मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

## १० **पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा मालसामान खरिद गर्न,सेवा उपलब्ध गराउन वा निर्माण सम्वन्धि कामका लागी व्यक्ती फर्म वा कम्पनिलाइ पेश्की दिदा प्रचलित कानुन वमोजिम वैक ग्यारेन्टी लिइ पेश्की दिनुपर्ने र नियम ५२(४) मा म्याद नाघेको पेश्कीलाई लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस बर्ष निम्नानुसार म्याद ननाघेको पेश्की आर्थिक बर्षको अन्त सम्म फछ्र्यौट हुन बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

| पेश्की लिएको मिति | पेश्की लिनेको नाम | कार्य | पेश्की फस्यौट गर्नपर्ने म्याद | पेश्की रकम म्याद नाघेको | पेश्की रकम म्याद ननाघेको | कैफियत |
|---|---|---|---|---|---|---|
| ०४/०१/२०८१ | जगन्नाथ अधिकारी | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | | | २५,०००.०० | |
| ०४/०१/२०८१ | जगन्नाथ अधिकारी | सभा सञ्चालन खर्च | | | २,००,०००.०० | |
| ०९/१८/२०८१ | नवराज थापा | जेष्ठ नागरिकका लागि एम्बुलेन्स भाडा अनुदान | | ८०००० | | |
| ०४/०१/२०८१ | माता चुनदेवी कन्स्ट्रक्सन प्रा. लि. | सिम अमर्खु मिलनचोक बेशीमल्डुङ भूमिचुली सडक (कालोपत्रे) | | | १,३५,०००.०० | |
| ०४/०१/२०८१ | आद्यकाली निर्माण सेवा प्रा.लि. | महादेवबेशी लुईकिल हाप्सेचौर सडक वडा नं ७ | | | ५,००,०००.०० | |
| ०४/०१/२०८१ | लिति कालिका कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | चिउरीपाटी आठकिला सडक वडा नं १० | | | ७,००,०००.०० | |
| १०/३०/२०८१ | प्रसुन निर्माण सेवा प्रा.लि. | महादेवबेशी कृष्ण भज्याङ्ग सडक थाक्रे ११ | | | ६,९०,०००.०० | |
| ०१/१५/२०८२ | गौरी शंकर निर्माण सेवा प्रा लि | वडा कार्यालय देखि बालुवा खर्क मसिने भुमिचुलि सडक थाक्रे ३ | | | ९,६७,५००.०० | |
| ०४/०१/२०८१ | सृष्टि फाउन्डेसन नेपाल | वन वातावरण तथा जलवायु परिवर्तन सम्बन्धि नीती निर्माण र सामुदायिक वन नविकरण तथा रेड प्लस सृष्टि फाउन्डेशन संग साझेदारी | | | ४,००,०००.०० | |
| | | | | | पेश्की | ८०,००० |

११ **शिक्षक दरवन्दी र पदपूर्ति**

शिक्षा नियमावली, २०५९ को नियम ९२ मा मन्त्रालयबाट स्वीकृत दरबन्दीको आधारमा सामुदायिक विद्यालयमा रहने शिक्षक दरवन्दी अनुसूची - १२ मा उल्लेख भए बमोजिम हुने र विशेष शिक्षा दिने सामुदायिक विद्यालयको शिक्षक दरबन्दी मन्त्रालयले तोके बमोजिम हुने उल्लेख छ । त्यस्तै शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ८ मा प्रत्येक जिल्ला शिक्षा समन्वय कार्यालयले जिल्ला भित्रका सामुदायिक विद्यालयमा रहेका स्वीकृत रिक्त दरवन्दीको विबरण प्रत्येक ६ महिनामा शिक्षा बिकास तथा मानव श्रोत केन्द्रमा पठाउनुपर्ने र शिक्षा बिकास तथा मानव श्रोत केन्द्रले पनि पदपुर्तिको लागी २ महिना भित्र आयोगमा लेखि पठाउनु पर्ने उल्लेख छ । पालिकाले पेश गरेको विबरण अनुसार आधारभुत र माध्यमिक गरी १२० स्वीकृत शिक्षक दरवन्दी रहेकोमा ११४जना पदपुर्ति भई ६ दरवन्दी रिक्त रहेको छ। पदपुर्तिको लागी दरवन्दीको विबरण पठाएको नदेखिएकोले शिक्षक सेवा आयोग नियमावली वमोजिम रिक्त पद पदपुर्ति गरिनुपर्दछ ।

| सं. | विद्यालयको संख्या | स्विकृत दरवन्दी आधारभुत तह १ देखि ५ | स्विकृत दरवन्दी आधारभुत तह ५ देखि ८ | स्विकृत दरवन्दी माध्यामिकतह ९ देखि १० | स्विकृत दरवन्दी माध्यामिकतह ११देखि १२ | जम्मा स्विकृत दरवन्दी | स्थायी पदपूर्ति | स्विकृत दरवन्दी मध्ये करार | शिक्षण अनुदान कोटा राहतमा कार्यरत | संघिय शसर्त अनुदान र अन्य प्रकृतिका शिक्षण अनुदान | पालिका अनुदान | जम्मा करारमा कार्यरत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४५ | ९८ | १५ | ७ | ० | १२० | ११४ | ६ | ८७ | २९ | ८५ | ३२७ |

१२ **विद्यालय समायोजन तथा शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली २०५९ को नियम ४ अनुसुची ३ ( ठ) मा सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराइ क्षेत्रमा ५०, पहाडी क्षेत्रमा ४५ र हिमाली क्षेत्रमा ४० विद्यार्थी हुनुपर्नेउल्लेख छ। नियमावलीमा भएको उल्लेखित ब्यबस्थाले यस पहाडी भेगमा सामुदायिक विद्यालयका प्रतिकक्षा सामान्यतया औषतमा ४५ विद्यार्थी गणना गर्दा प्रति आधारभुत विद्यालय (कक्षा १-५) भएको विद्यालयमा २२५ जना, (कक्षा ६-८) सम्म भएको विद्यालयमा ३६० जना, माध्यामिक (कक्षा ९-१०) मा ४५० जना प्रति विद्यार्थी

हुनुपर्ने देखिएको छ । त्यस्तै शिक्षा नियमावली, २०५९ को नियम ७७ मा सामुदायिक विद्यालयमा शिक्षक/विद्यार्थी अनुपात हिमालमा ४०, पहाडमा ४५ र उपत्यका तथा तराईमा ५० हुनुपर्ने उल्लेख छ। पालिकावाट प्राप्त विवरण अनुसार सामुदायिक विद्यालयको विद्यालय - विद्यार्थी संख्या र शिक्षक/विद्यार्थी अनुपात देहाय वमोजिम देखिएको छ ।

| क.सं. | विद्यालयकोनाम | विद्यालयकोतह | नियमावलीवमोजिमप्रतिविद्यालयमाहुनुपर्नेविद्यार्थिसंख्या | विद्यार्थीसंख्या | विद्यार्थीप्रतिशत | शिक्षकसंख्या |
|---|---|---|---|---|---|---|
| १ | नवज्योतिआ. वि. | १देखी५ | २२५ | ७२ | ३२.०० | ४ |
| २ | घैरउदेवीआ. वि. | १देखी५ | २२५ | ५१ | २२.६७ | ३ |
| ३ | पन्चकन्याआ. वि. | १देखी८ | ३६० | ११३ | ३१.३९ | ६ |
| ४ | वनदेवीआ.वि. | १देखी५ | २२५ | ५७ | २५.३३ | ५ |
| ५ | भुमेश्वरीआ. वि. | १देखी३ | १३५ | १६ | ११.८५ | १ |
| ६ | भैरवीआ.वि. | १देखी५ | २२५ | ५३ | २३.५६ | ४ |
| ७ | महाकालीदेवीस्थानआ. वि. | १देखी८ | ३६० | १२४ | ३४.४४ | ७ |
| ८ | लिलाकालीमा. वि. | १देखी१० | ४५० | २८१ | ६२.४४ | १२ |
| ९ | लाटीदेवी आ. वि. | १देखी१० | ४५० | १९३ | ४२.८९ | १२ |
| १० | महाकालीमा. वि., सिम्ले | १देखी१२ | ५४० | ४५७ | ८४.६३ | २० |
| ११ | अमर्खुमा.वि. | १देखी१२ | ५४० | ३०६ | ५६.६७ | ११ |
| १२ | महाकालीआ.वि. | १देखी५ | २२५ | ८१ | ३६.०० | ७ |
| १३ | भगवतीआ.वि. | १देखी८ | ३६० | ९२ | २५.५६ | ६ |
| १४ | सेतिदेवीआ. वि. | १ | ४५ | ११ | २४.४४ | १ |
| १५ | मदरसाहम्फिया | १ | ४५ | २२ | ४८.८९ | ० |
| १६ | जनजागृतीआ. वि. | १देखी५ | २२५ | ५५ | २४.४४ | ४ |
| १७ | बाघबछलाआ.वि. | १देखी५ | २२५ | ४१ | १८.२२ | ४ |
| १८ | हिमालचुलीआ. वि. | १देखी५ (हालमर्ज) | २२५ | १५ | ६.६७ | १ |
| १९ | सुन्दरीआ.वि. | १देखी४ | १८० | २४ | १३.३३ | ३ |
| २० | सिद्धेश्वरीआ. वि. | १देखी५ | २२५ | ४३ | १९.११ | ३ |
| २१ | राष्ट्रियआ. वि. | १देखी५ | २२५ | ४६ | २०.४४ | ३ |
| २२ | शिवशंकरआ.वि. | १देखी५ | २२५ | ५८ | २५.७८ | ५ |
| २३ | शारदाआ.वि. | १देखी५ | २२५ | ८० | ३५.५६ | ४ |
| २४ | काम्राङआ.वि. | १देखी५ | २२५ | ६३ | २८.०० | ४ |
| २५ | लितिमहाँकालमा. वि. | १देखी१२ | ५४० | ३३१ | ६१.३० | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २६ | आदर्शमा.वि. | १देखी१० | ४५० | २२८ | ५०.६७ | १३ |
| २७ | महाकालीमा. वि. तसर्पु | १देखी१२ | ५४० | १९४ | ३५.९३ | २० |
| २८ | चण्डिभुमिआ. वि. | १देखी८ | ३६० | ११८ | ३२.७८ | ८ |
| २९ | लालीगुराँसआ. वि. | १देखी५ | २२५ | ४९ | २१.७८ | ४ |
| ३० | जनजागृतीमा. वि. | १देखी१२ | ५४० | १२७४ | २३५.९३ | २८ |
| ३१ | कालिकामा.वि. | १देखी१० | ४५० | ३०२ | ६७.११ | १६ |
| ३२ | जनताआ.वि. | १देखी५ | २२५ | ५० | २२.२२ | ६ |
| ३३ | महाँकालेश्वरीमा. वि. | १देखी१२ | ५४० | ३८० | ७०.३७ | १६ |
| ३४ | जनकल्याणआ. वि. | १देखी५ | २२५ | ४० | १७.७८ | ३ |
| ३५ | अमरज्योतिआ. वि. | १देखी८ | ३६० | ८५ | २३.६१ | ५ |
| ३६ | काउलेआ.वि. | १देखी५ | २२५ | ५२ | २३.११ | ४ |
| ३७ | वाराहीआ.वि. थाँक्रे७ | १देखी५ | २२५ | ४६ | २०.४४ | ४ |
| ३८ | उडुवादेविआ. वि. | १देखी५ (हालमर्ज) | २२५ | २२ | ९.७८ | १ |
| ३९ | सेतिदेवीमा. वि. | १देखी१० | ४५० | २६६ | ५९.११ | ११ |
| ४० | बाराहीआ.वि., थाक्रे१० | १देखी५ | २२५ | १५ | ६.६७ | ४ |
| ४१ | सरस्वतीआवि | १देखी५ (हालमर्ज) | २२५ | १३ | ५.७८ | २ |
| ४२ | केवलपुरह.भो. मा. वि. | १देखी१२ | ५४० | २०४ | ३७.७८ | ११ |
| ४३ | वाघभैरवआ.वि. | १देखी८ | ३६० | ५४ | १५.०० | ८ |
| ४४ | ज्योतिमा.वि. | १देखी१२ | ५४० | ३७५ | ६९.४४ | २१ |
| ४५ | शिलादेवीआ. वि. | १देखी३ | १३५ | ३१ | २२.९६ | २ |

- विवरणअनुसार सवै समुदायिक विद्यालयमा तोकिएभन्दा विद्यार्थी संख्यामा शत प्रतिशत हुनुपर्नेमा न्युनतम ६.६७ प्रतिशत सम्म क्षमता प्रयोग देखिएकोले कुनै विद्यालयमा पनि नियमावलिले तोके वमोजिम विद्यार्थी देखिएन । भौगोलिक अवस्था, जनसंख्या तथा विद्यार्थी संख्याको आधारमा अध्ययन गरी आवश्यकता अनुसार विद्यालय गाभ्ने, खारेज गर्ने नयाँ थप गरी बिद्यालय समायोजन गर्नुपर्नेमा हालसम्म व्यवस्थापन गर्न सकेको देखिएन । सामुदायिक विद्यालय समायोजन गरेको नदेखिएकोले निर्धारित मापदण्ड वमोजिम विद्यालय समायोजन गरी गुणस्तरीय शिक्षाको ब्यबस्थापन गरिनु पर्दछ ।

- नियमावली अनुसार समुदायिक विद्यालयमा औषतमा शिक्षक-विद्यार्थी अनुपात ४५ हुनुपर्नेमा विवरण अनुसार न्युनतम ३.८ सम्म अनुपात भएको देखिएकोले कुनै विद्यालयमा पनि नियमावलोले तोके वमोजिम शिक्षक/विद्यार्थी देखिएन । सार्वजनिक खर्चमा मितब्यीता कायम गर्न भौगोलिक अवस्था, जनसंख्या तथा विद्यार्थी संख्याको आधारमा अध्ययन गरी आवश्यकता अनुसार शिक्षक दरवन्दी मिलान गर्ने,अनावश्यक दरवन्दी खारेज गर्ने गरी शिक्षक दरवन्दीको ब्यबस्थापन गरिनुपर्नेमा पालिकामा शिक्षक दरवन्दी मिलान भएको देखिएन । शिक्षा नियमावलीको ब्यबस्था वमोजिम शिक्षक-विद्यार्थी अनुपात कायम हुनेगरी शिक्षक व्यवस्थापन गर्नुपर्दछ।

## १३ प्रति विद्यार्थी लागत

गाउँपालिकाले सामाजिक सेवा तर्फ गरेका अल्पकालिन लगानी, दिर्घकालिन लगानीलाई लागत लाभ मापन हुने गरी लगानीको सुनिश्चितता गर्नु पर्दछ । तिनै तहका सरकारवाट विद्यालयको संचालन व्यवस्थापनका लागी गाउँपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा गएको निकासा तथा विद्यार्थी अनुपातमा निकालेको प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेटरकम | खर्चरकम | विद्यार्थीसंख्या |
|---|---|---|---|
| संघीयसरकार सर्सत | १८५९२० | १७२५३२ | ६४८३ |
| प्रदेशसरकार | ३९७६ | ३६५२ | |
| पालिका | ५३२०१ | ३९१२९ | |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको वाल विकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रू३३२११।रहेको देखिन्छ । विद्यार्थीमा भएको लगानीको प्रतिफल क्लास आउट भएपछि मात्र देखिने हुँदा लगानीका आधारमा विद्यार्थी उतिर्ण हुने गरी गुणस्तरीय शिक्षाका लागि शिक्षण विधि प्रक्रियालाई परीमार्जन गरी उत्कृष्ट नतिजा ल्याउने गरी पठनपाठनलाई व्यवस्थित, व्यवहारिक, सिपयूक्त बनाउने तर्फ लगानीलाई केन्द्रित गर्नुपर्दछ ।

## १४ पुँजीगत खर्चको अवस्था

**पुँजीगत खर्चको अवस्था** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्षपुजिगतशिर्षकबाट रु 179955588 खर्च गरेकोमा रु ९८४३९२३१।१८ अर्थात् प्रतिशत ५४.७० बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये अमानतवाट रु ५,४५,००० र उपभोक्ता समितिबाट रु १५,३९,९२,६०२ को खरिद गरेको छ। उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

| उपशीर्षकको नाम | खर्च शीर्षक नम्बर | खरिद विधि | संख्या | |
|---|---|---|---|---|
| | पुजिगत | खुला वोलपत्र | १० | |
| | | सिलबन्दी दरभाउपत्र | १ | |
| | | अमानत | १० | [illegible] |
| | | उपभोक्ता समिति वा लाभग्राही समुदाय | २६८ | १ |

## १५ प्रोभिजनलसम

निर्माण व्यवसायीसँगको खरिद सम्झौतामा प्रोभिजनल समबाट खर्च भएको वास्तविक बिलकोआधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिका र निर्माण व्यवसायीबीच भएको सम्झौतामा प्रोभिजनल सम बापत व्यवस्था गरिएको रकम खर्च गर्दा प्रोजेक्ट मेनेजरको पूर्व स्वीकृति लिई त्यस्तो कार्यमा भएको यथार्थ खर्चको विल विजक पेश गरी सोधभर्ना लिनुपर्ने उल्लेख छ । निम्न निर्माण व्यवसायीलाई देहाय रकम भुक्तानी गरेकोमा निर्माण व्यावसायीले विल विजक पेश गरेको नदेखिएको

| गो भौ नं | निर्माण ब्यावसायी | बिबरण | पि एस आइटम | बिल नभएको रकम |
|---|---|---|---|---|
| १०८ ।२०८१।९।४ | ज्ञानज्योति विल्डर्स प्रा लि | मदनभण्डारी महाविद्यालय निर्माण | वैक कमिशन | २०००००।०० |
| | | | साइट किलियरेन्स आफ्टर कम्पिसन | १०००००।०० |
| | | | | ३००००० |

| प्रमाण पेश नगरेको | ३,००,००० |
|---|---|

## १६ समपुरक अनुदान साझेदारी

संघ तथा प्रदेश समपुरक अनुदान कार्यविधि २०७७ को दफा ६ मा समपुरक योजनावाट सञ्चालन हुने योजनामा कुल लागतको अधिकतम ५० प्रतिशत रकम स्थानीय तहले समपुरक अनुदान व्यहोर्नु पर्ने उल्लेख छ । पालिकाले समपुरक अनुदान अन्तरगत सघ र प्रदेशवाट प्राप्त अनुदानको ५० प्रतिशत पालिकाले व्यहोर्नु पर्ने र समपुरक रकम बर्षान्तमा वाँकी रहेमा सम्वन्धित सन्चित कोष फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा यो बर्ष समपुरक अनुदानवापत देहायको रकम प्राप्त भएकोमा सो बापत पालिकाले आफ्नो योगदान वापत म्याचिङ फण्डमा रकम जम्मा गरेको पाइएन । यसले गर्दा संघ र प्रदेशको रकम मात्र खर्च भइ पालिकाको योगदान रहेको पाइएन । तसर्थ पालिकाले व्यहोर्नुपर्ने ५० प्रतिशत रकम खर्च रकम नभइ पालिका सञ्चित कोषमानै मौज्दात रहेकोले ५० प्रतिशत योगदानको रकम रु ६०८१५७५ सम्वन्धित सञ्चित कोषमा फिर्ता गर्नु पर्ने रु

| अनुदान दिने संघ/प्रदेश | योजनाको नाम | कार्य सम्पन्न रकम | संघ/प्रदेशको अनुदान खर्च रकम | पालिकाले नब्यहोरेको रकम |
|---|---|---|---|---|
| प्रदेश | महादेववेसी कृष्ण भन्ज्याङ सडक स्तरोन्नति | १५५९५२७५ | ९२५८८४४ | १४६१२०६।५० |
| प्रदेश | वडा कार्यालयदेखि वालुवाखर्क मसिने भुमिचुली सडक | ७३०५७४३।८० | ८२७३२४० | ४६२०३६८।५० |
| | | | | ६०८१५७५ |

| प्रमाण पेश नगरेको | ६०,८१,५७५ |
|---|---|

## १७ वितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।सो वमोजिम पुजि निर्माणमा सहयोग नरहे तथा उत्पादनमा वृद्वी नगर्ने खर्चलाइ नियन्त्रण गर्नुपर्नेमा पालिकाले देहाय वमोजिमखरिद गरी वितरण गरेको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ।

| गो भौ नं/मिति | आपुर्तकर्ता | विवरण | खर्च रकम |
|---|---|---|---|
| ७४६।२०८२।३।२४ | सपन स्टोर | क्याटरिङका सामान खरिद गरि अमारे कृषि तथा पशुपंक्षि कृषक समुह | ३९८११६ |
| ६९५।२०८२।३।२१ | पुष्पेन्द्र कुमार यादवलाइ सोधभर्ना | वडा नं ७ मा सुत्केरी भेटघाट कार्यक्रम | १४७००० |
| ७७।२०८१।६।१९<br>७६।२०८१।६।१९ | तामाङ महिला समाज | ल्होसार विशेष संस्कृतिक कार्यक्रम | ५०००००।०० |
| ५४।२०८१।६।१८ | उज्यालो भविश्य महिला समुह | तिज विषेश संस्कृतिक कार्यक्रम | ५०००००।०० |
| १७६।०८१।९।५ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | विविध खर्च | ६०,७४० |

१८ **गैर सरकारी संस्थाको लागी भवन निर्माण तथा जिम समाग्री खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै उपलब्ध श्रोतलाइ स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट बिभिन्न उद्देश्यले स्थापित गैर सरकारी संस्थाका भबन निर्माण गर्ने र जिम समाग्री खरिद गरि हस्तान्तरण मिल्ने देखिदैन । यदि निर्माण तथा उपलब्ध गराउने हो भने पनि संस्था छनौटको आधार निश्चित गरी सबै नागरीकलाई प्रत्यक्ष लाभ पुग्ने गरी सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । साथै सामुदायिक भबन तथा जिमको प्रयोगको सञ्चालन कार्यबिधि समेत बनेको देखिएन । उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित आधार नदेखिएको रु

| गो भौ नं | भुक्तानी लिने | कार्य | लागत अनुमान | कार्यस्विकार रकम | भुक्तानी रका |
|---|---|---|---|---|---|
| २८०।२०८२।३।२० | डि एच जेड फिटनेश नेपाल प्रा लि वाट खरिद गरी महाकाली युवा कल्व सिम्ले लाइ हस्तानतरण | जिम सामाग्रि खरिद | - | - | १६३७०१३।०० |
| १०६।२०८१।९।३ | भुमीचुली युवा कल्व | भवन निर्माण | ६७२५५५।०० | ६७३४९९।६७ | ६०००००।०० |
| | | | | जम्मा रु | २२३७०१३ |
| | | | | अनियमित भएको | २२,३७,०१३ |

१९ **उपभोक्ताको कार्य निर्माण व्यवसायीबाट**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले पाएको कार्य गर्दा निर्माण व्यवसायी वा सव कन्ट्याक्टबाट गराउन नसकिने व्यवस्था छ ।पालिकाले यो बर्ष मोटरबाटो सर सर सफाइ लागी उपभोक्ता समितिहरु मार्फत कार्य गराउने गरी सम्झौता गरेकोमा देहायका उपभोक्ता समितिहरुले आफुले गर्नुपर्ने कार्यहरु निर्माण व्यवसायसायीबाट गराएको बिल बीजक पेस गरी भुक्तानी लिएको छ । उपभोक्ता समितिले नियममा भएको व्यवस्था वमोजिम आफुले सम्पन्न गर्ने गरी सम्झौता भएका कार्य निर्माण व्यवसायिवाट गरेकोले नियमावली तथा सम्झौता विपरितको कार्य नियमित नदेखिएको रु

| गोश्वरा भौचर | कार्य उ स | सम्झौता | कार्यसम्पन्न | निर्माण व्यवसायी | विल | इन्धनको विल | जम्मा विल इन्धन सहित | भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| १७२। ०८२।१। ४ | वर्षे वाट सरसफाई उ स वडा नं १० | १००३७८१ | १००५५७३ | जलेश्वर कन्ष्ट्रक्सन एण्ड हेवी इक्युपमेन्ट प्रा ली | ७५४४९५ | ० | ९००२४४ | ५००००० |
| | | | | नवगोरेटो वहुउद्देश्यीय कम्पनी प्रा ली | १४५७४९ | | | |
| | | | | जम्मा | ९००२४४ | | | |
| १९०। ०८२।१। १५ | वर्षे वाटो सरसफाई उ स वडा नं ८ | ६१२०२१ | ६१२५५६ | जलेश्वर कन्ष्ट्रक्सन एण्ड हेवी इक्युपमेण्ट प्रा ली | २९७००० | १२८३५० | ५५२९०४ | ५५०००० |
| | | | | प्रशु निमार्ण सेवा | १२७५५४ | | | |
| | | | | जम्मा | ४२४५५४ | | | |
| १८९। ०८२।१। १५ | वर्षे वाटो सरसफाई उ स वडा नं ७ | १०००४६८ | १००२७०६ | प्रशुन निर्माण सेवा | १४३२८४ | ४३७९०० | १०११६८५ | ७००००० |
| | | | | एस वाई के कन्सष्ट्रक्सन प्रा ली | ४३०५०१ | | | |
| | | | | जम्मा | ५७३७८५ | | | |
| २०१। ०८२।१। २२ | वर्षे वाटो सरसफाई उ स वडा नं ६ | ७७६६९३ | ७८०६७९ | प्रशुन निर्माण सेवा | ३४७४७५ | २७४९०८ | ६२२३८३ | ५००००० |
| १५८। ०८१। १२।१४ | वर्षे वाटो सरसफाई उ स वडा नं ३ | १००६१८१ | १००८०८५ | रिभर्स एण्ड रिभान्सा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा ली | ४२१४९० | ५८१२०७ | १००२६९७ | ७००००० |
| १७०। ०८१। १२।३१ | वर्षे वाटो सरसफाई उ स वडा नं ११ | ८८८९७९ | ८९०८६५ | एस एस कन्स्ट्रक्सन | ८०१५०९ | | | ८००००० |
| २११। ०८२।१। २५ | वर्षे वाटो सरसफाई उ स वडा नं १ | १३३७३४१ | १३३९६५५ | एस आर कन्स्ट्रक्सन एण्ड म्यानेजमेन्ट | ५४४५५८ | ८००४५१ | १३४५००९ | १०००००० |
| १८०। ०८२।१। १ | वर्षे वाटो सरसफाई उ स वडा नं ९ | ७७९०१९ | ७८०६७१ | जलेश्वर कन्ष्ट्रक्सन एण्ड हेबी इक्युपमेण्ट प्रा ली | ५९८४९९ | | | ५००००० |
| | | | | | | | जम्मा भुक्तानी रु | ५२,५०,००० |
| | | | | | | | अनियमित भएको | ५२,५०,००० |

२० **उपभोक्ता समितीवाट सरकारी भवन निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) र (९) अनुसार सेवा उपभोग गर्ने समुदायवाट हेभी मेशिन, उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्य उपभोक्ता समितिलाई दिएर कार्य सकिने व्यवस्था रहेको छ ।साथै सोहि नियमावलीमा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ।कार्यालयले प्रतिस्पर्धात्मक खरिद विधिवाट निर्माण गर्नुपर्ने, आफै निर्माण गर्नुपर्ने आफ्नै वडा कार्यालयका भवन निर्माण तथा मर्मतको काम र स्वास्थ्य चौकी भवन निर्माण

कार्य उपभोक्ता समिति मार्फत गराइ देहायअनुसार खर्च गरेकोले नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी लाभग्राही समुदायमार्फत भवन निर्माण कार्य गराउनु नियमसम्मत नदेखिएको रु.

| गोश्वरा भौचर | उपभोक्ता समिति | कार्य | सम्झौता रु | कार्य सम्पन्न | भुक्तानी रु |
|---|---|---|---|---|---|
| ५७।०८१।६।१७ | ३ नं वडा कार्यालय पार्टेशन तथा फर्निचर निर्माण उ स | पार्टेशनको कार्य | ५५७२०३ | ५६२७४० | ५००००० |
| ५३।०८१।६।१७ | ३ नं वडा कार्यालय वाल निर्माण उ स | पार्टेशनको कार्य | ५५७२५२ | ५५८१५२ | ५००००० |
| २२०।०८२।२।१ | भुमेस्थान स्वास्थ्य चौकी स्तरोन्नती तथा बालउद्यान निर्माण वडा नं उ स | इन्टरलक तथा ब्लकको कार्य गरेको | १००५९५२ | १००६४९८ | ८९९५०४ |
| ३५।०८१।६।१६ | जनजागृती आ वि भवन थाक्रे ११ उ स व्यवस्थापन समितिले कार्य गरेको | ४ कोठे भवनको स्ट्रक्चर कार्य | २२२७६९१ | २२४३३५७ | २०००००० |
| १०।०८१।६।१५ | सिम्ले प्रहरी चौकी निर्माण उ स | भवन मर्मत | ५५५७०१ | ५५७३४१ | ५००००० |
| | | | | जम्मा भुक्तानी रु | ४३९९५०४ |

| अनियमित भएको | ४३,९९,५०४ |
|---|---|

२१ **दिवा खाजा**

कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व.२०८१।८२) को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रू. १५।- का दरले विद्यालय सञ्चालन भएका दिनलाई आधार मानेर वर्षमा ज१८० (परीक्षामा सामेल भएको दिनसमेत) दिनका लागि अनुदान दिने व्यवस्था छ ।पालिकाको शिक्षा शाखाले विद्यार्थीको वास्तविक संख्या सत्यापन नगरी विभिन्न विद्यालयलाई मागको आधारमा भुक्तानी गर्ने गरेको पाईयो ।लेखापरीक्षणको क्रममा आदर्श मावि ५, अमर्खु मावी ३, वगवच्छला आ वी ११ , जन जागृति मा वि ६ , कालिका मा वि ७ , लाटीदेवी मा वी १, लिति माहाकाली मावी वडा ४ महाकलेश्वर मावी वडा ८ महाकाली मा वि वडा २ जम्मा ९ वटा विद्यालयको विद्यार्थी हाजिरीको आधारमा सत्यापन गर्दा देखिएका व्यहोरा निम्न छन

२१.१ वढी भूक्तानी :- निम्न विद्यालयलाई वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु

| विद्यालयको नाम | निकाशा रकम | हाजिरी संख्या | हाजिरी अनुसार हुने रकम | वढी निकाशा |
|---|---|---|---|---|
| महाकाली मा वि वडा २ | १५०७५० | १७३८८ | २६०८२० | १०८४५ |
| | | | जम्मा | १०८४५ |

| असुल गर्नुपर्ने | १०,८४५ |
|---|---|

२१.२ हाजिरी नखुलेको :- वाग वत्छला आ वि वडा ११ मा रु ११२७८५ निकाशा भएकोमा विद्यार्थी हाजिरी उपलव्ध हुन सकेन । विद्यालयको माग पत्रमा श्रावण देखि चैत्र सम्म स्कुल खुलेको दिन १३० विद्यार्थी संख्या ४२ हाजिरी संख्या ५८३८ र वैशाख देखी असार सम्म विद्यालय खुलेको दिन ४१ विद्यार्थी संख्या ४१ हाजिरी संख्या १६८१ समेत कुल हाजिरी ७५१९ उल्लेख भएको हुदा विद्यार्थी हाजिरी संख्या सत्यापन गरी यकिन गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | १,१२,७८५ |
|---|---|

२१.३

माथि उल्लेखित ९ विद्यालय वाहेक अन्यको पालिका आफैले हाजिरी सत्यापन गरी एकिन गर्नु पर्ने देखियो ।

२२ **सेनिटरी प्याड**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राहरूलाई १० महिनाको लागि निःशुल्क सेनिटरी प्याड खरिद गर्दा गत विगतको मौज्दातको अवस्था एकिन गरी आवश्यक मात्र नियमानुसार खरिद गरी वितरण गर्ने र सेनिटरी प्याड खरिद गरी रकम बचत भएमा विद्यालयमा Disposal Machine नभएमा एक पटकका लागि मात्र खरिद गरी वितरण गर्न सक्ने उल्लेख छ । पालिकाले गो भौ न १२४ मिति २०८२।२।२० मा रु ६१४५२८ को मेडीवेल फार्मेसी सँग प्रति प्याकेट रु २५।२० पैसाको दरले ई विड मार्फत खरिद गरेकोमा उक्तसामाग्रीसामुदायिकविधालयलाइ वितरण गरेको पाईएन ।पालिकाले अविलम्व उक्त प्याड विद्यालयमा वितरण गर्नु पर्दछ । साथैसेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि२०७६दफा ५ वमोजिम विद्यालयले प्राप्त सेनिटरी प्याडकोअभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राखीछात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण अभिलेख अधावधिक गर्नुपर्ने व्यवस्थारहेको छ । त्यसैगरी कार्यक्रम कार्यान्वयनको प्रगति विवरण मन्त्रालयले तोकेकोढाँचामा चौमासिक रुपमा विधालयले स्थानिय तहमा र स्थानिय तहले प्रदेश सामाजिक विकासमन्त्रालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा लेखापरीक्षणको क्रममा यस सवन्धमा कुनैप्रगति विवरण प्राप्त नभएको हुदा यस तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।

२३ **नम्स वाझिएको**

वाग्मति प्रदेश सरकार आर्थिक मामिला मन्त्रलयको कार्यसंचलन निर्देशिका को दफा ११ उपदफा ३ को अनुसुचि १ अनुसार सम्वन्धित कार्यालयले संचालन गरेको तालिममा सोहि कार्यालयको स्रोत व्यक्ती भएको अवस्थामा कक्षा लिएको पारीश्रमिक नपाउने तर कार्यपत्रको पाउने वाह्य प्रशिक्षक भएमा (जिल्ल तथा स्थानीय स्तर) कार्यपत्र वापत रु १००० र प्रशिक्षण वापत रु ४०० पाउने व्यवस्था छ । साथै प्रतिवेदकले एक दिनको कार्यक्रममा रु १५०० र एक दिन भन्दा वढीको भएमा थप रु १००० पाउने व्यवस्था छ ।थाक्रे गा पा कार्यालय संचालन तथा विभिन्न गोष्ठी सेमिनार तालिम कार्यक्रमहरुको लागी खर्चको स्विकृत मापदण्ड (नम्स) २०७४ (संसोधन २०७६।५।३) मा वाह्य प्रशिक्षक भएमा कार्यपत्र वापत रु ३००० र प्रवचन वापत रु ३००० र आन्तरीक प्रशिक्षक भएमा कार्यपत्र वापत रु १५०० र प्रवचन वापत रु १५०० साथै प्रतिवेदनको रु ३००० पाउने व्यवस्था गरी सामुदायिक विद्यालयका आई टि स्रोत शिक्षक ३ दिन तालिम संचालन गरी देहाय वमोजिम प्रशिक्षण भत्ता भूक्तानी गरेको छ । संघ तथा प्रदेश सरकारकोपदण्ड (नम्स) भन्दा वढी दर रेट राखि भूक्तानी गरेको पाईयो । संध वा प्रदेश सरकारको नम्स संग प्रतिकुल हुने यस प्रकारका नम्स वा निर्णय पुनरावलोकन हुनु पर्दछ ।

| प्रशिक्षकको नाम | दर | कक्षा | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| ऋषीकेश आचार्य | ३००० | १५ | ४५००० | वाह्य प्रशिक्षक |
| पुष्पराज दवाडी | ३००० | १५ | ४५००० | वाह्य प्रशिक्षक |
| दुर्गादेवी खड्का | १५०० | ४ | ६००० | आन्तरिक प्रशिक्षक |
| लुका आले | १५०० | ६ | ९००० | आन्तरिक प्रशिक्षक |
| | | जम्मा | १०५००० | |

२४ **अनुगमन भत्ता**

स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन २०७५ को दफा ३ मा अनुसुचि (१) बमोजिमको सुविधा पाउने उल्लेख छ ।त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानि सम्वन्धित सभाले अधिकार क्षेत्र भित्रको उपलब्ध आर्थिक श्रोतका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । त्यस्तै दफा १४ मा ऐन वाहेकका सुविधा प्रदेश सरकारले समय समयमा निर्धारण गरेवमोजिम हुने उल्लेख छ । नमुना परीक्षण गर्दा पालिकाले आफ्नो कार्यक्षेत्रमा आ.व. २०८१।०८२ मा सञ्चालित विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन कार्य गरेवापत विभिन्न पदाधिकारी तथा कर्मचारीको अनुगमन खर्च लेखेको छ । यस प्रकारको अनुगमन भत्ता भुक्तानी नियन्त्रण गर्नुपर्दछ ।

| गोश्वरा भौचर | प्रयोजन | अनुगमन संख्या | कर कट्टी पछी भुक्तानी रु |
|---|---|---|---|
| १६०।०८१।१२।७ पालिका पुँजिगत | विभिन्न योजना अनुगमन गरेको | ११ जना | १०९६५० |
| १०७।२०८१।१।९ | परीक्षा अनुगमन | ३ जना | १६१५० |
| १४४।२०८२।३।११ | विद्यालय सुपरिवेक्षण | ९ जना | ९६०५० |
| २०।२०८१।१०।२ | परीक्षा अनुगमन | १० जना | ४४२०० |
| ५।२०८१।९।३ | म.स्वा.से.दिवशको अनुगमन | ९ जना | ७१४० |

२५ **शैक्षिक गुणस्तरको मापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्वयन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ ।पालिकाले आ. व. २०८१।८२ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालय संग देखिएन । विधालयमा शैक्षिक गुणस्तर सुद्ढीरकरण एंवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान वापत जनजागृति मा वि लाई ३०,८७,०००, आई सि टी ल्याव स्थापना तथा फर्निचरको लागी अमर ज्योति आ वि लाई ४८५९००, भगवति आ वी लाई ६४८६२०, लाटीदेवी आ वि लाई ५२०९२० भूक्तानी भएकोमा कार्यक्रमको लक्ष्य अनुसार उपलब्धि प्राप्त भए नभएको मापन गरी आफ्नो अन्तरगतका सिकाई केन्द्र तथा विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

२६ **वढी भूक्तानी**

वढी भूक्तानी :-आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९ (५) अनुसार भुक्तानी दिदा रित पुगे नपुगेको एकिन गरी दिनु पर्ने र लेखा राख्दा विल भर्पाई सहित राख्नु पर्ने उल्लेख छ । पलिकाले ठेक्का वाट औषधि खरिद गर्दा औषधि निरिक्षण समितिको सिफारिस रकम रु २५२९२३१ मात्र भूक्तानी दिनुपर्नेमा रु २५३४५३१ भूक्तानी गरेकोहुदा वढी भूक्तानी भएको डालिमा मेडीसेल्सवाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,३०० |

२७ **वढी दरले भूक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९ (५) अनुसार भुक्तानी दिदा रित पुगे नपुगेको एकिन गरी दिनु पर्ने उल्लेख छ ।जस अनुसार छैठौ तकले मासिक रु १२९० पाउने देखिन्छ । पालिकाले स्वास्थ तर्फ श्रावण देखि पुषसम्म ६ महिना क्रमश: १४५७ र ११५८ को दरले भूक्तानी गरेको हुदा निर्धारित दर भन्दा वढी दरले भूक्तानी गरेको रकम असुल हुनुपर्ने रु

| कर्मचारी | तह | रकम |
|---|---|---|
| लक्ष्मण शाह | ६ | १००२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००२ |

२८ **खर्च अवस्था**

तपसिलका चालु प्रकृतिका काम/ खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । कार्यालयले यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

| सि.नं. | खर्च शिर्षक | २०८०।८१को खर्च | २०८१।८२को खर्च |
|---|---|---|---|
| १ | पारिश्रमिककर्मचारी | २४,५६,८४,६५२.९० | २४,९५,२०,५३७.०० |
| २ | वैंठक भत्ता | ३४२०४७५ | ५०३६२०३ |
| ३ | इन्धन | ३१,७७,५६६.०० | ४४,४०,५४०.०० |
| ४ | मसलन्द | ४७,०२,९८४.०० | ४८,१७,५२८.०० |
| ५ | मर्मत | २७३९६८२ | २४४१४५३ |
| ६ | दैनिक भ्रमण भत्ता | ३०३२३०१ | ४५९२१५१ |

## २९ नियमित कार्यको वैठक भत्ता

कार्य संचालन निर्देशिका २०८१ को दफा ४५ को उपदफा ३ मा एउटै निकाय र अन्तरगतका पदाधिकारी/कर्मचारी मात्र वस्ने वैठकमा भत्ता प्रदान नगर्ने उल्लेख छ । त्यस्तै सार्वजनिक-खर्चलाई-मितव्ययी-तथा-प्रभावकारी-वनाउने-सम्बन्धी-मापदण्ड-२०८१ को वुदा १५ (४) मा नियमित कामको लागी वैठक भत्ता प्रदान नगरिने उल्लेख छ । कार्यालयले एउटै निकाय र अन्तरगतका पदाधिकारी/कर्मचारी वस्ने वैठक र कर्मचारीहरुले गर्नुपर्ने नियमित कामको लागी देहाय वमोजिम जस्तै स्थायी तथा करार कर्मचारीको कासमु मुल्याङकन गर्न वसेको वैठक भत्ता,पशु सेवा शाखाको वाख्रा प्रवर्दन कार्यक्रम सञ्चालन, पुर्वाधार तथा योजना शाखाको कार्य ब्यस्तताका कारण कार्यालय समय अगाडी र पछाडी वैठक बसेको, अपाङ्ग परिचय पत्र वितरणको वैठक वसेको, खरिद इकाइको वैठक लगायत वैठकको वैठक भत्ता भुक्तानी गरेको छ । कार्य संचालन निर्देशिका, सार्वजनिक-खर्चलाई-मितव्ययी-तथा-प्रभावकारी-वनाउने-सम्बन्धी-मापदण्ड-विपरितका यस्ता भत्ता भुक्तानी दिन नमिल्ने हुदा यस्ता खर्च नियन्त्रण गरिनुपर्दछ ।

| गो भौ नं | कार्य | वैठक भत्ता लिने संख्या | कर कटाइ भुक्तानी रकम |
|---|---|---|---|
| ५७२।२०८२।२।२८ | खरिद इकाइको वैठक भत्ता | १२जना | १६०६५०।०० |
| ६१०।२०८२।३।८ | करार कर्मचारीको का स मु मुल्याङ्कन गर्न वसेको वैठक भत्ता | ११ जना | ४९३७५।०० |
| ६७३।२०८२।३।२० | वाख्रा प्रवर्दन कार्यक्रम सञ्चालन | १४ जना | ५६१००।०० |
| ६७१।२०८२।३।२० | पुर्वाधार तथा योजना शाखाको वैठक | १७ जना | ७१४००।०० |
| ७३८।२०८२।३।२४ | अपाङगता परिचयपत्र वितरण | १० जना | ८५०० |
| ११४।२०८१।७।११ | पालिकामा कार्यरत चौथो र पाचौं तहका कर्मचारीको कार्यसम्पादन मूल्यांकन गर्न | ७ जना | ४७६०० |
| ७४०।२०८२।३।२४ | कर्मचारीको का स मु मुल्याङ्कन समितिको वैठक भत्ता | १३ जना | ८७९७५।०० |
| ७४५।२०८२।३।२४ | खरिद इकाइको वैठक भत्ता | १७ जना | १७४२५० |

## ३० गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९(१५) मा तलब, महँगी भत्ता र स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक खाद्यान्न औषधी उपचार तथा बिरामी बन्दीको सेवा लगायतका बाहेक अन्य चालु प्रकृतिको शिर्षकमा दायित्व

सिर्जना गर्न नपाइने व्यवस्था रहेको छ । नमुना परीक्षण गर्दा पालिकाले माथि उल्लेख गरेको वाहेक देहाय बमोजिमको वैठक भत्ता, खाजा खाना विविध खर्च लगायतका लगायतको खर्च शिर्षकमा दायित्व सिर्जना गरी भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु.

| गोश्वारा भौचर | सप्लायर्स तथा भुक्तानी लिने | प्रयोजन | रु |
|---|---|---|---|
| ७।०८१।६।१५ | सिता इन्टरप्राइजेज | खाजा खाना सवारी भाडा लगायत विविध खर्च | १४७१५० |
| १०।०८१।६।१५ | लेक वेशी स्विट | कर्मचारी आवास र कार्यालयमा भएको विविभ खर्च | १०६८०० |
| ८४।०८१।७।७ | वडा नं २ | बैठक भत्ता | ५३५५० |
| ८३।०८१।७।७ | वडा नं १ | वैठक भत्ता | ९६००० |
| ९२।०८१।७।७ | वडा नं ६ | वैठक भत्ता | ९०००० |
| ९१।०८१।७।७ | वडा नं १० | वैठक भत्ता खाजा खाना लगायत विविध खर्च | २६६८० |
| ९१।०८१।७।७ | वडा नं ९ | वैठक भत्ता खाजा खाना लगायत विविध खर्च | २३४६० |
| ९०।०८१।७।७ | वडा नं ७ | वैठक भत्ता | १२६००० |
| ९०।०८१।७।७ | वडा नं ८ | वैठक भत्ता | ७८५४० |
| ८९।०८१।७।७ | वडा नं ४ | वैठक भत्ता | ४२००० |
| ८९।०८१।७।७ | वडा नं ५ | वैठक भत्ता | ४२००० |
| १९२।०८१।९।११ | खेमराज रिजाल लाइ सोधभर्ना | खाजा खाना लगायत विविध खर्च | ९५००० |
| जम्मा रु | | | ९,२७,१८० |

| | |
|---|---|
| अनियमित भएको | ९,२७,१८० |

३१ **पाम्समा दाखिला नभएको**

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७।७।२० को निर्णयबाट आर्थिक बर्ष २०७७।७८ बाट अनिवार्य रुपमा नेपाल सरकारको तीनै तहका सबै सरकारी कार्यालयहरुले प्रयोग गर्न सक्ने गरी सरकारी सम्पतिको लेखाङ्कन र प्रतिवेदन तयार गर्न सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) लागू हुने गरेको छ । सो मिति पश्चात भएका जिन्सी सम्बन्धी भुक्तानीमा अनिवार्य पाम्समा अभिलेख पश्चात भुक्तानी हुनेमा नमुना परीक्षण गर्दा पालिकाले वडा कार्यालयको लागी खरिद भएका समानहरु वडाको मेनुअल जिन्सी खाताम दाखिला गरी भुक्तानी दिएकोले पाम्समा दाखिलाको प्रमाण पेश हुनुपर्दछ ।

| गोश्वरा भौचर | खरिद सामाग्री | रु |
|---|---|---|
| १०५।०८१।७।८ | विभिन्न मसलन्द सामाग्री तथा विविध खर्च | २००००० |
| १३७।०८१।८।२४ | खेलकुदका लागि जर्सी फुटवल मोजा लगायत | १५५२०७ |
| १२४।०८१।७।११ | त्रिपाल CD रोल | ४०१६० |
| १९५।०८१।९।१८ | कार्यालय सामाग्री मसलन्द तथा विविध सामाग्री | ५७३०० |
| २८२।०८१।१०।१० | विभिन्न कार्यालय सामाग्री तथा विविध खर्च | १०८०९० |
| २४३।०८१।१०।४ | विविध सामाग्री | १६३५४० |
| ३१५।०८१।११।१ | कार्यालय सामाग्री तथा विविध | ६०००० |
| ३६०।०८१।११।२३ | विविध खेलकुद सामाग्री | २५००८१ |
| ३६१।०८१।११।२३ | विविध गेम सेट लगायत खेलकुद सामाग्री तथा विविध खर्च | ३३८३७२ |
| | जम्मा | १३,७२,७५० |

३२ **अन्य कार्यालयको खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्वन्धि व्यवस्था रहेको छ । सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाइ खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । नमुना परीक्षण र पाम्स विवरण अनुसार पालिकाले देहायको कार्यालयको खर्च रु. ६,६७,७५५ भुक्तानी गरेको छ । कानुनको व्यवस्था अनुरुप अख्तियारी प्रदान गरी खर्च गर्नुपर्नेमा सोझै अन्य कार्यालयको खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| कार्यालय | खर्च प्रयोजन | रु | कैफिय |
|---|---|---|---|
| इलाका प्रहरी कार्यालय खानीखोला | इन्धन विल भुक्तानी | ५४१६० | पाम्स तथा इन्धन अभिलेख अनुसार |
| हाप्से चौर प्रहरी चौकी | इन्धन विल भुक्तानी | ११४३० | पाम्स तथा इन्धन अभिलेख अनुसार |
| सशस्त्र प्रहरी बल आदमघाट | इन्धन विल भुक्तानी | ३९६६० | पाम्स तथा इन्धन अभिलेख अनुसार |
| महादेवबेसी प्रहरी चौकी | इन्धन विल भुक्तानी | ३१६३५ | पाम्स तथा इन्धन अभिलेख अनुसार |
| महादेवबेसी ट्राफिक प्रहरी कार्यालय | इन्धन विल भुक्तानी | १२९८० | पाम्स तथा इन्धन अभिलेख अनुसार |
| जिवनपुर प्रहरी चौकी | इन्धन विल भुक्तानी | १७८९० | पाम्स तथा इन्धन अभिलेख अनुसार |

| | |
|---|---|
| अनियमित भएको | १,६७,७५५ |

३३ **स्थानिय एफ एम सहयोग कार्यक्रम**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख भन्दा वढीको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम ८५ (४) मा सार्वजनिक निकायले १ लाख भन्दा वढीको खरिद कार्य गर्दा मौजुदा सुचिमा रहेका कम्तिमा ३ आपुर्तीकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायक वाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गोश्वरा भौचर नं ६३।०८१।६।१९ बाट न्यायिक आवाज, समृद्धिको लागि सहयात्रा, कृषि रेडियो कार्यक्रम संचालन गरेवापत कृषि पत्रकार धादिङ समाजलाइ रु ४७७५३२ र राजमार्ग सामुदायिक संचार केन्द्रलाई रु १२६३४० गरी जम्मा रु ६,०३,८७२ भुक्तानी दिएकोमा लागत अनुमान तथा कानून वमोजिम दरभाउपत्र माग नगरी कार्यक्रम संचालन गरी भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ६,०३,८७२ |

३४ **स्वास्थ्य संस्था अनुदान**

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४, उपनियम (२)मा सरकारी खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था रहेकोछ । पालिकाले स्थानिय तह स्वास्थ्य संस्था सुदृढीकरण कार्यक्रम अन्तर्गत गोश्वरा भौचर नं २२।०८१।११।२२ (प्रदेश शसर्त चालु) बाट निम्न स्वास्थ्य संस्थालाई अनुदान निकाशा दिएकोमा विल भर्पाई तथा स्वास्थ्य संस्थाको लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले उक्त अनुदानको उचित उपयोग भयो भएन एकिन हुन सक्दैन । पालिकाले उक्त अनुदानको सम्वन्धमा विल भर्पाई तथा स्वास्थ्य संस्थाको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु

| क स | स्वास्थ्य संस्था | अनुदान रु |
|---|---|---|
| १ | भुमेस्थान सामुदायिक स्वास्थ्य ईकाइ | ३०००० |
| २ | गणेशस्थान आधारभुत स्वास्थ्य सेवा केन्द्र | ३०००० |
| ३ | भुमेस्थान स्वास्थ्य चौकी | ५०००० |
| ४ | तर्सपु स्वास्थ्य चौकी | ५०००० |
| ५ | नाङशाला आधारभुत स्वास्थ्य सेवा केन्द्र | ३०००० |
| ६ | महादेव वेशी स्वास्थ्य चौकी | १२०००० |
| ७ | थाक्रे स्वास्थ्य चौकी | ५०००० |
| ८ | फोकटपुर आधारभुत स्वास्थ्य सेवा केन्द्र | ३०००० |
| ९ | धापचौतारा आधारभुत स्वास्थ्य सेवा केन्द्र | ३०००० |
| १० | केवलपुर स्वास्थ्य चौकी | ५०००० |
| ११ | सिंहदेवी आधारभुत स्वास्थ्य सेवा केन्द्र | ३०००० |
| | जम्मा | ५,००,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

३५ **अमर्खु मा वि सञ्चालन अनुदान**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गोश्वरा भौचर नं ५२।०८१।६।१८ बाट श्री अमर्खु मा वि सञ्चालन वापत रु ३००००० अनुदान दिएकोमा उक्त अनुदान के प्रयोजनको लागी दिएको हो तथा उक्त खर्च को विल भर्पाई पेश नभएकोले विल भर्पाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

३६ **छात्रवृत्ती कार्यक्रम**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा स्थानिय तहको काम, कर्तव्य र अधिकार उल्लेख गरीएको छ । दफा ११ (७) , (८) मा स्थानिय सरकारले उक्त क्षेत्रको कार्यान्वयन गर्नको लागि ऐन, नियम, मापदण्ड तथा कार्यविधि बनाएर मात्र गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक वर्ष २०८१।०८२ मा कार्यविधि तथा मापदण्ड नवनाई वडा वाट निर्णय गरी देहायका विद्यार्थीलाई अध्ययन छात्रवृत्ती रकम अनुदान दिएको छ । पालिकाले कार्यविधि तथा मापदण्ड नवानाई र सुचना प्रकाशन नगरी वडा को निर्णय वाट अनुदान उपलब्ध गराउदा सवैको समान पहुच नपुग्ने तथा अनुदानमा पारदर्शिता कायम भएको देखिदैन । पालिकाले खर्च गर्दा कार्यविधि तथा मापदण्ड वनाइ गर्नुपर्दछ ।

| गोश्वरा भौचर | छात्रावृत्ती प्रयोजन | नाम | रकम रु |
|---|---|---|---|
| २११।०८१।९।१९ | डिप्लोमा इन इन्जिनियरीङको अध्ययन गर्न | विनिता तामाङ | १५०००० |
| २१६।०८१।९।१९ | प्राविधिक शिक्षा आर्थिक सहायता | तिर्थ कुमारी तामाङ | १००००० |
| | | दिपक तामाङ | ५०००० |
| | | मनिता अर्याल | १५०००० |
| | | रजिना पौडेल | ५०००० |
| | | रोशन पौडेल | ५०००० |
| | | सरोज पौडेल | १००००० |

## ३७ गरिवी निवारणको लागी लघु उधम कार्यक्रम

३७.१ तालिमको अनुगमन : गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहायवमोजिमको सिप विकास तालिममा रु ३,३०,७३९ खर्च गरेको छ । उक्त तालिम लिएका तथा मेसिन उपकरण लिएका मध्ये के कति जनाले उक्त तालिम तथा प्रविधिको प्रयोग गरी लघु उद्यम संचालन गरेको भन्ने अभिलेख गाउँपालिकाले राखेको छैन । गाउँपालिकाले वर्षेनी तालिम संचालन गर्ने तर उक्त तालिमको प्रयोग गरी प्रशिक्षार्थिहरुले व्यवसाय तथा उद्यम सूरु नगरेको अवस्थामा तालिमको औचित्य रहदैन । तसर्थ पालिकाले हालसम्म संचालन गरेका व्यवसायिक तालिम तथा कार्यक्रमहरुको उपलब्धी मापन गर्नुपर्दछ ।

| गोश्वरा भौचर | तालिम | तालिम दिन | खर्च रु | तालिममा सहभागी संख्या |
|---|---|---|---|---|
| १४७।०८२।३।१६ | बेसिक सिलाई कटाई तालिम | ३० दिन | ७०७३९ | ३ जना |
| १४८।०८२।३।१६ | गलैचा तालिम | ४५ दिन | २६०००० | ११ जना |

३७.२ उत्पादन सामाग्री : गरिवी निवारणका लागी लघु उधम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को वुँदा ३९ मा तालिम वाट उत्पादन सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागिलाई नै विक्री गर्न सकिने तथा त्यसरी विक्री हुन नसकेमा सामान वा वस्तुहरु सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारका लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने व्यवस्था मिलाउनुपर्ने र त्यसरी विक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई ७ दिन भित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले दिएको विवरण अनुसार देहायवमोजिमका तालिमवाट उत्पादन भएका सामाग्री निर्देशिका वमोजिम विक्री गरी राजश्व दाखिला गर्नुपर्ने अन्यथा स्टोर दाखिला गर्नुपर्दछ ।

| क्र स | तालिम | सामाग्रीको प्रकार | परिमाण |
|---|---|---|---|
| १ | गलैंचा बुनाई तालिम | गलैंचा चकटी | १८ वटा |
| २ | सिलाई कटाई तालिम | भोटो टोपी दौरा सुरुवाल पेटीकोट सिम्पल कुर्था सुरुवाल चोली म्याक्सिस | १० सेट |

## ३८ विद्यालय दिवा खाजा कार्यक्रम

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४, उपनियम (२)मा सरकारी खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था रहेको छ त्यस्तै विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को वुदा नं ४.१ मा विद्यालयको शिक्षकको तलव भत्ता, लगायत विद्यालय व्यवस्थापन अनुदान कार्यक्रमको लागी शसर्त अनुदान बाट उपलब्ध गराउने व्यवस्था रहेको छ । स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा स्थानिय तहको काम, कर्तव्य र अधिकार उल्लेख गरीएको छ । दफा ११ (७) , (८) मा स्थानिय सरकारले उक्त क्षेत्रको कार्यान्वयन गर्नको लागि ऐन, नियम, मापदण्ड तथा कार्यविधि बनाएर मात्र गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कार्यविधि तथा

मापदण्ड निर्धारण नगरी तथा खाजाको दर विश्लेषण, खाजाको मेन्य निर्धारण नगरी निम्न गोश्वार भौचर वाट देहायवमोजिमका विद्यालयलाई वडा समितिको निर्णय वमोजिम माध्यमिक तहका विद्यार्थीलाई रु २० का दरले रु १३,००,००० दिवा खाजा रकम निकाशा दिएको छ । पालिकाले स्पष्ट मापदण्ड तथा कार्यविधि तयार गरी कार्यक्रम संचालन गर्नुपर्दछ ।

| गोश्वरा भौचर | विद्यालय | कक्षा | निकाशा रु |
|---|---|---|---|
| २७५।०८१।१०।१० | अमरज्योती आ वि | ६-८ | ३७८४० |
| ३७६।०८१।१२।३ | कालिका मा वि | ६-१० | २९७३०० |
| ५७९।०८२।२।२९ | अमर ज्योती आ वि | ६-८ | ४७२०० |
| ५८८।०८२।२।३० | कालिका मा वि | ६-१० | १४८५२५ |
| ६९९।०८२।३।२२ | कालिका मा वि | ६-१० | १९१३५ |
| २७४।०८१।१०।१० | महाङ्कालेश्वरी मा वि | ६-१० | ३०७३१४ |
| ५८१।०८२।२।२९ | महाङ्कालेश्वरी मा वि | ६-१० | २८८३३० |
| ६३८।०८२।३।१७ | महाङ्कालेश्वरी मा वि | ६-१० | १५४३५६ |
| | | जम्मा | १३,००,००० |

३९ **विल वेगर भूक्तानी**

उपभोक्तासँगको निर्माण सम्झौतामा प्रोभिजनल समबाट खर्च भएको वास्तविक रकम ईन्जिनियरको सिफारिसमा बिलको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । सडक वोर्ड संगको लागत साझेदारीमा महादेव वेशी देखि वडा कार्यालय सम्मको वाटो निर्माण गर्दा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा उपभोक्ता विल तथा कार्यसम्पन्न प्रतिवेदनमा चढेको पि एस आईटम को मुल्याँकन रु ३२५०० रहेकोमा रु २४४७० को मात्र विल राखिएकोले बाकी रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,०३० |

४० **उपभोक्तावाट पुल निर्माण**

खहरे खोला कल्भर्ट पुल तथा वाल निर्माण उपभोक्ता मार्फत कल्भर्ट पुल निर्माण गरी गो भौ न १६५। २०८१।१२।२५ वाट रु १५००००० भूक्तानी भएको छ ।जटील प्रविधियूक्त कार्य उपभोक्ता मार्फत गराउनु उपयूक्त देखिएन ।

४१ **हेवि ईक्युपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावलीको नियम ९७ (९)अनुसार उपभोक्ता समित वाट र डोजर ग्रेडर विटुमिन डिस्ट्रिव्युटर विटुमिन व्वाईलर जस्ता हेवि मेसिन प्रयोग गर्न समिने छैन भन्ने व्यवस्था छ । पालिकावाट संचालन भएका निम्न लिखित उपभोक्ता समितिले योजना संचालन गर्दा श्रम मुलक कार्य नगरी ठेकेदारलाई कामको जिम्मा लगाएको पाईयो ।

| गो भौ न भिति | वजेट खर्च | उपभोक्ता समिति | मेशिनको भाडा तथा ईन्धन उपयोग | कैफियत |
|---|---|---|---|---|
| १०९।२०८१।११ | १४०००० | खहरे सडक नि उ स | १३६१४८ | |
| १७१।२०८२।१।२ | ८०००० | गणेश श्रेष्ठको धर पछाडीको पहिरो नि उ स | ९०६०१ | |

४२ **अनुदानको अनुगमन**

कृषि तथा पशुपंछी विकास मन्त्रालय द्वारा जारी कृषक समुह सहकारी तथा कृषि उद्धमीहरुका लागी अनुदान व्यवस्थापन कार्यविधि २०८१ परिच्छेद ४ अनुगमन मुल्यांकन् दफा १७(१) अनुसार संचालन गरीएका कार्यक्रम हरुको अनुगमन तथा मुल्यांकनको जिम्मेवारी सम्झौता गर्ने निकायको हुने व्यवस्था छ ।पालिकाद्वारा उपलव्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न समय समयमा अनुगमन गर्नुपर्दछ।गाउ पालिकको कृषि कार्यक्रम अन्तगत १०० प्रतिशत अनुदानमा फलफुलको विरुवा, गा पा पूजिगत अन्तरगत ५० प्रतिशत लागत साझेदारीमा मकैको विउ तथा महिला क्षमता विकासको शिप विकास तालिमा संचालन गरी विभिन्न समाग्री तथा प्रविधि समेत हस्तान्तरण भएको छ । पालिकाद्वारा उपलव्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन् गर्न समय समयमा अनुगमन गर्नुपर्दछ। अनुदानमा वितरण गरेका विभिन्न समाग्री यत्र उपकरणको सहि उपयोग भए नभएको उपलव्धि मापन गरेको पाईएन ।साथै अनुदानको सम्वन्धमा स्थानिय निति तय भएको पाइएन । स्थानीय तहवाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी समन्यायिक तवरले वितरण गरी खर्चको सदुपयोग गराउने तर्फ ध्यान दिनु पर्छ ।यस वर्ष पालिकावाट वितरीत मालसामान निम्न छन्

| गो भौ न मिति | कार्यक्रम | खर्च रकम | व्यहोरा |
|---|---|---|---|
| १२।२०८२।३।२२ | गा पा कृषि | ४८२८५० | २२६जनालाई आँप १००० वेर्ना,२४५जनालाई कागति २४५० वेर्ना,२२३जना लाई लिचि१०००वेर्ना र १८५जनालाई सुन्तला ९००वेर्ना |
| २।२०८२।१।२५ | गापा पूजिगत | ५००००० | २९७ जनालाई १ देखि ८ केजी का दरले जम्मा १४२८ केजी मकैको विउ |
| २।२०८२।३।१६ | गापा पूजिगत | १३००००० | सिलाई कटाई तथादवाजा वजाउने तालिम ४० जना लाई दिई ६ प्रकारको पंचेवाजा १८ थान, तिन प्रकारको फर्निचर ५ थान ,सिलाई मेसिन ५ थान, ओभरलक मेशिन १ थान, कटाई मेसिन १ थान। टेवल ५ थान |
| १९९।२०८१।१२।३१ | गा पा पूजिगत | १६६९५६ | ६ जनालाई २० एम एमको पाईप २८०० मी र सिमेन्ट ६० वोरा |
| | | | |

४३ **आन्तरीक आय**

४३.१ IEE प्रतिवेदन २०८१ वमोजिम अनुमानित संकलन -वाग्मति प्रदेश सरकारको अर्थिक ऐन २०८१ को दफा ९ मा आ व २०८१।८२ मा माटो, ढुङ्गा, गिटी, वालुवा,ग्राभेल,स्लेट,चुनढुङ्गा, खरिढुङ्गा, अभ्रख र दहत्तर वहत्तर को संकलनमा अनुसुची ५ वमोजिम माटो प्रति घनफिट रु ३।५०, ढुङ्गा, गिटी,रोडा, वालुवा,ग्राभेल,चुनढुङ्गा, खरिढुङ्गा घनफिट रु ७, र स्लेट प्रति वर्ग फिट रु ७ रुपैयाका दरले शुल्क लगाइने र असुल उपर गरिने उल्लेख छ । त्यस्तै पालिकावाट तयार भएको IEE प्रतिवेदन २०८१ वमोजिम आग्रा खोला र यसका सहायक खोला वगर क्षेत्र,महेश खोला र यसका सहायक खोला वगर क्षेत्र र कोल्फुखोला र यसका सहायक खोला वगर क्षेत्र वाट देहाय ढुङ्गा, गिटी, वालुवा,( नदिजन्य पदार्थ लगायत मस्कट) उत्खनन योग्य परिमाण देखिन्छ । IEE प्रतिवेदन २०८१ वमोजिम संकलन

गरिने नदिजन्य पदार्थमा वाग्मति प्रदेश आर्थिक ऐन, २०८१ को दफा ९ र अनुसूची–५ अनुसार सङ्कलन शुल्क (Collection Royalty) वापत मुअकर समेत ४३१८४४९४.७१ संकलन गर्न वढावढ गर्न सकिने देखिन्छ ।

| स्विकृतक्षेत्र | क्षेत्र नं | वगरको नाम | उत्खनन योग्य परिमाण घनमिटर | उत्खनन योग्य परिमाण क्युफुट | राजश्वदर दर प्रति क्युफुटमुअकर समेत | कुल राजश्व मुअकर समेत(प्रतिवर्ष) |
|---|---|---|---|---|---|---|
| आग्रा खोला र यसका सहायक खोला वगर क्षेत्र | घाट १ | भोर्ले | ३५५७ | १२५६१४.४ | ७.९१ | ९९३६०९.९०४ |
| | घाट २ | समटार | ५४५४ | १९२६०६.४ | ७.९१ | १५२३५१६.६२४ |
| | घाट ३ | समनटार | ४५९४ | १६२२३५.७ | ७.९१ | १२८३२८४.३८७ |
| | घाट ४ | सिम | ५२९२ | १८६८८५.४ | ७.९१ | १४७८२६३.५१४ |
| | घाट ५ | रातमाटे | ४५३६ | १६०१८७.५ | ७.९१ | १२६७०८३.१२५ |
| | घाट ६ | वढेर | ५४१८ | १९१३३५ | ७.९१ | १५१३४५९.८५ |
| | घाट ७ | छरछरे | ४८०० | १६९५१०.६ | ७.९१ | १३४०८२८.८४६ |
| | घाट ८ | पापिग | ६१७४ | २१८०३३ | ७.९१ | १७२४६४१.०३ |
| | घाट ९ | वान्द्रे | ३८७० | १३६६६७.९ | ७.९१ | १०८१०४३.०८९ |
| | घाट १० | खरिखानी | ४२३४ | १४९५२२.४ | ७.९१ | ११८२७२२.१८४ |
| | घाट ११ | खरिखानी | ४८६० | १७१६२९.४ | ७.९१ | १३५७५८८.५५४ |
| महेश खोला र यसका सहायक खोला वगर क्षेत्र | घाट १ | खैरघारी | २८८० | १०१७०६.३ | ७.९१ | ८०४४९६.८३३ |
| | घाट २ | खैरघारी | ३९२० | १३८४३३.६ | ७.९१ | १०९५००९.७७६ |
| | घाट ३ | खैरघारी | ३३६० | ११८६५७.४ | ७.९१ | ९३८५८०.०३४ |
| | घाट ४ | सात किला | २८०० | ९८८८१.१६ | ७.९१ | ७८२१४९.९७५६ |
| | घाट ५ | सात किला | ४५३६ | १६०१८७.५ | ७.९१ | १२६७०८३.१२५ |
| | घाट ६ | चिनिमिल पारी | ४२३३.६ | १४९५०८.३ | ७.९१ | ११८२६१०.६५३ |
| कोल्फुखोला र यसका सहायक खोला | घाट १ | रुपिङटार | ३४४२५ | १२१५७०९ | ७.९१ | ९६१६२५८.१९ |
| | घाट २ | ठुलोवार | १२७५७.५ | ४५०५२७.३ | ७.९१ | ३५६३६७०.९४३ |
| | घाट ३ | गौथदी ढुङ्गा | १०९५४.७५ | ३८६८६३.७ | ७.९१ | ३०६००९१.८६७ |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | घाट ४ | भदौरेटुनिवोटे | १०३९६.८ | ३६७१५९.९ | ७.९१ | २९०४२३४.८०९ |
| | घाट ५ | केवलपुर | ११५४२.५ | ४०७६१९.९ | ७.९१ | ३२२४२७३.४०९ |
| जम्मा | | | | | | |
| कुलजम्मा | | | १५४५९५ | ५४५९४८१ | | ४३१८४४९४.७१ |

विबरण विश्लेषण गर्दा स्विकृत भएको IEE प्रतिवेदनले उल्लेख गरेको संकलन गर्न सकिने परिमाण को आय रकम भन्दा हरेक बर्ष वढावढको रकममा अधिक फरक देखिएकोले IEE/EIA मा स्वीकृत उत्खनन सीमाभन्दा बाहिर उत्खनन भएको वा IEE प्रतिवेदन नै यथार्थ भएको देखिएन ।

४३.२ खानी,क्रसर तथा प्रशोधन उद्योगको कच्चा पदार्थ-ढुङ्गा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा ब्यबस्थापन सम्वन्धि मापदण्ड.२०७७ को दफा ११ मा क्रसर उद्योगले आफुलाई चाहिने कच्चा पदार्थ सिधै नदी वा वन क्षेत्रबाट उत्खनन् वा सङ्कलन गरी प्रशोधन गर्न नपाउने तर उद्योगको लागी चाहिने कच्चा पदार्थ आपुर्ति गर्दा लाग्ने शुल्क स्थानिय तहमा वुझाएपछी मात्र त्यस्तो कच्चा पदार्थ आपुर्ति गर्न पाइने ब्यबस्था छ । कार्यालयको गत विगत देखिको अभिलेखमा २९ वटा खानी,क्रसर तथा प्रशोधन उद्योग रहेको ति उद्योग सञ्चालनको लागी तयार भएको IEE प्रतिवेदन पालिकामा अभिलेख नभएको र ति उद्योगले कति परिमाणमा आफुलाई चाहिने कच्चा पदार्थ खानी तथा घाटवाट संकलन गरे कुनै प्राविधिक नापजाँच नभएको र ति मालसामान उद्योगलाइ आपुर्ति गर्दाको शुल्क वा निकासीमा कर लगाइ स्थानिय तहले आय असुली गरेको देखिएन ।

४३.३ कर संकलन ठेक्का- पालिकाले मिति २०८१।२।३२ मा आ व २०८१।८२ को लागी थाक्रे गाउपालिकावाट स्विकृत वातावरणिय परिक्षण प्रतिवेदन क्षेत्र भित्रवाट निकासी हुने ढुङ्गा, गिटी,रोडा, वालुवा,ग्राभेल स्लेट को घाटगद्दी एवं संकलन तथा विक्रि शुल्क न्युनतम ठेक्का अंक मुअकर वाहेक ८ करोड ८२ लाख २३ हजार १सय २७ रुपैया कायम कायम गरी प्रथम पटक ३० दिने आय ठेक्का वन्दोवस्त गर्ने सम्वन्धि वोलपत्र आह्वानको सुचना प्रकाशन गरेकोमा तेश्रो पटक सम्म कुनै वोलपत्र नपरेकोले चौथोपटक मिति २०८१।५।९ सुचना वमोजिम न्युनतम ठेक्का अंक मुअकर वाहेक रु.६ करोड १ लाख ५० हजार ५ सय ५५ मुअकर वाहेक कवोल गरी प्रसुन निर्माण सामाग्रि सप्लायर्सको एक मात्र वोलपत्र परेकोले सोहिवोलपत्रदातालाइ सोहि रकममा आग्रा खोला,महेश खोला र कोल्फुखोला का तोकिएको स्थानवाट १६७८०० घनमिटर नदिजन्य पदार्थ उत्खनन संकलन र विक्रि गर्ने परिमाण १६७८०० घनमिटरको पट्टा दिइ मिति २०८१।६।११ मा सम्झौता गरी आय संकलन गरेकोमा देहाय देखिन्छ ।

- IEE प्रतिवेदन वमोजिम महेश खोला, आग्रा खोला र कोल्पुखोलावाट प्रसुन निर्माण सामाग्रि सप्लायर्सलाइ मिति २०८१।६।११ मा दिएको पट्टामा ती उल्लेखित स्थानवाट १६७८०० घनमिटर अर्थात ५९२५८०६.६६ क्वुफिट मात्र उत्खनन, संकलन र विक्रि गर्न पाउने उल्लेख छ । पालिकाले उक्त निर्माण व्यवसायीले वार्षिक रुपमा कति परिमाणमा ढुङ्गा, गिट्टी तथा वालुवा संकलन तथा निकासी गरेको छ र सो को उत्खनन स्थल, ढुवानी मार्गमा नियमित अनुगमन गरी उत्खनन, संकलन परिमाणको अभिलेख राखेको देखीएन र, ठेकेदारले उत्खनन, संकलन निकासीको मासिक/त्रैमासिक रिपोर्टिङ समेत गरेको देखिएन । यसवाट तोकिएको परिमाण भन्दा वढी परिमाणको उत्खनन तथा निकासी भएको छैन भन्ने अवस्था देखिएन । यस्तो अवस्थामा सुधार गर्नुपर्दछ।
- ठेक्का सम्झौतामा ठेकेदारले आफ्नै तर्फवाट रसिद छपाइ गरी पालिका कार्यालयको छाप लगाइ प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नंवर दाखिला गरेरमात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउने उल्लेख छ । यसले गर्दा ठेक्काबाट पटके उठाएको रसिद लेखा परीक्षणको क्रममा उपलब्ध नहुँदा कति रकम उपरोक्त तीनवटै ठेक्काबाट असुली भयो र स्वीकृति ठेक्का भन्दा बढी रकम रसिदबाट संकलन भएको अवस्थामा सो को मु अ कर ऐन २०५३ अनुसार १३ % मु.अ. कर दाहिला गर्नुपर्नेमा सङ्कलन

भएको रसिदको विवरण उपलब्ध नहुँदा असुली भएको मुअकर रकम एकिन हुन सकेन ।

४३.४ गौरव तथा प्राथमिकता प्राप्त आयोजना- ढुङ्गा, गिट्टी, वालुवा उत्खनन,विक्रि तथा ब्यबस्थापन सम्वन्धि मापदण्ड २०७७ को दफा १२ मा राष्ट्रिय गौरव तथा प्राथमिकता प्राप्त आयोजनाको लागी आवश्यक पर्ने ढुङ्गा गिटि वालुवाको वातावरण अध्यायन प्रतिवेदन पालना हुने गरी सम्वन्धित गाउपालिकाले नियमानुसारको शुल्क र दस्तुर लिइ आयोजना कार्यालयको सिफारिशमा तोकिएको स्थानवाट निर्माण सामाग्रि संकलनको ब्यबस्था मिलाउनुपर्ने छ । यसरी नदिजन्य पदार्थ उपलब्ध गराउनुपर्दा सम्वन्धित आयोजना कार्यालयको आवश्यक परिमाण खुल्ने सिफारिश, दस्तुर र शुल्क तिर्ने प्रतिवद्दता,ठेक्का सम्झौता लगायत कागजातको आधारमा सम्वन्धित गाउपालिकाले शुल्क वा दस्तुर लिइ त्यस्तो नदिज्य पदार्थ उपलब्ध गराउनुपर्ने ब्यबस्था छ । त्यस्तै सोहि दफामा सडक निर्माण र विस्तारको क्रममा सडक अधिकार क्षेत्रभित्रवाट निस्कने ढुङ्गा गिटि वालुवा जस्ता निर्माण सामाग्रि सम्वन्धित आयोजनाले उपयोग गर्ने अवस्थामा त्यस्तो सामाग्रिको परिमाणको आधारमा लाग्ने विक्रि मुल्य वापतको रकम सम्वन्धित गाउपालिकालाइ वुझाएर मात्र उपयोग गर्न सकिने ब्यवस्था छ । नागढुङ्गा मुग्लिन सडक योजना पुर्वीखण्ड अन्तरगत नागढुङ्गा- नौविसे खण्डका निर्माण ब्यबसायी Jiangsu- Sagun JV र नौविसे – मलेखु खण्डका निर्माण ब्यबसायी Sharma- lama-ZICG JV मार्फत सडक स्तरोन्नती भै रहेको सन्दर्भमा आयोजनाको लागी आवश्यक पर्ने ढुङ्गा गिटि वालुवाको वातावरण अध्यायन प्रतिवेदन पालना हुने गरी सम्वन्धित गाउपालिकाले नियमानुसारको शुल्क र दस्तुर असुल गरेको देखिएन ।

४३.५ पटके अशुली : जमानत बाट प टके यातायात वापत असुल गर्दा पटके पिच्छे सवारी साधनको रकम असुल गन्रुपर्नेमा देहाय बमोजिम एकमुष्ट रुपमा असुल गरेको देखिएकोले पटके पिच्छे सवारी रसिदवाट असुल प्रकृया विपरित देखिएको छ।

| रसिद नं | यातायात साधन | जम्मा टिप संख्या | भ्याट सहित दर | जम्मा रकम |
|---|---|---|---|---|
| ७७९ | चार र छ पाङ्गे | ६०० | ३३९ | २०३४००। |
| २७९ | छ पाङ्गे | २७९ | ३३९ | ९४५८१। |

४३.६ संघिय सञ्चित कोषमा दाखिला नभएको मुअकर - मूल्य अभिवृद्धि कर ऐन २०५२ तथा नियमावली २०५३ अनुसार बुझाउनुपर्ने मु.अ.कर बापतको रकम पछिल्लो महिनाको २५ गतेभित्र नबुझाएमा ब्याज तथा जरिवाना शुल्क लाग्ने व्यवस्था छ। देहाय आय ठेक्कामा असुल भएको मुअकर पालिकावाट संघिय सञ्चित कोषमा दाखिला भएको नदेखिएकोले दनखिला भएको प्रमाण पेश गर्नुपर्ने रु

| विवरण | वापत | मुअकर |
|---|---|---|
| महादेव वेसी झोलुङ्गेपुल भुमेस्थान सडक मर्मत सेवा शुल्क | सडक मर्मत सेवा शुल्कको दोश्रो र तेश्रो किस्तको असुल भएको मुअकर | ४३३३३६।८० |
| तसर्फु आग्राखोला ग्रामिण सडक मर्मत सेवा शुल्क | सडक मर्मत सेवा शुल्कको दोश्रो र तेश्रो किस्तको असुल भएको मुअकर | ४३१६५१।८७ |
| | | ८६४९८८।६७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,६४,९८८.६७ |

४३.७ आय दाखिला - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि

रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ।यस पालिकामा कार्यरत कर्मचारीले संकलन गरेको राजश्व समयमै बैंक दाखिला नगरी ६८ दिन सम्म ढीलो दाखिला गर्ने गरेको पाइयो।नमुना छनौटका आधारमा राजश्व संकलन गर्ने जिम्मेवारी पाएका कर्मचारिहरूले नियमित पालिकाको राजश्व संकलन गरी आंशिक रूपमा ढिला दाखिला गर्नेको विवरण देहाय अनुसार छ।ढिला दाखिला बापत तिर्नुपर्ने जरिवाना रू. २१४०। ५ असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| राजश्व संकलन कर्ताको नाम | राजश्व संकलन माध्यम नगदी रसिद | संकलन | ढिला दाखिला रकम | ढिला दाखिला बापत जरिवाना रकम |
|---|---|---|---|---|
| प्रमिला तोलाङ्गे | | २१४०५ | २१४०५ | २१४०।५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१४०.५ |

४३.८ सामुदायिक वनको आय – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । सो अनुसार रकम दाखिला गरेको देखिएन।

४३.९ पालिकाले आ.व २०८१।८२ लागि नदीजन्य पदार्थ उत्खनन विक्री तथा निकासी प्रयोजनका लागि ठेक्का आह्वान गरिएकोमा ठेक्का नलागेकोले ठेक्का नलागे सम्म अमानत बाट कर संकलनका लागि असोज ११ गते भन्दा अगाडी पालिकाको कर्मचारीबाट संकलन गरेकोमा संकलनमा कार्यरत कर्मचारीलाई प्रोत्साहन खाजा रुपमा रु१७०००००।०० कर संकलनमा खर्च गरी अमानतवाट 6218771 आय असुली भएको छ।

## ४४ **सामाजिक सुरक्षा**

४४.१ सामाजिक सुरक्षा भत्ता वितरण : सामाजिक सुरक्षा-सामाजिक सुरक्षा ऐन २०७५ बमोजिम जेष्ठ नागरिक ,आर्थिक रुपले बिपन्न ,अशक्त खतथा असहाय अबस्थामा रहेका ब्यक्ती , असहाय एकल महिला ,अपाङ्गता भएका ,बालबालिका ,आफ्नो हेरचाहा आफै गर्न नसक्ने लोपोन्मुख जातीलाइ सामाजिक सुरक्षा भता पाउने अधिकार हुने ब्यबस्था अन्तर्गत यस पालिकाले सामाजिक सुरक्षा भता बितरण कार्यविधि २०७७ वमोजिम सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको नाम दर्ता र नवीकरण ,लगतकट्टा तोकिएको मिति भित्रै परिचय पत्र अनिवार्य रुपमा नवीकरण गरि प्रथम ,द्बितिय ,तृतिय चौथो किस्ता गरि जम्मा रु १५०५८४९११ बैकिङ प्रणाली मार्फत वितरण गरेको देखिएको छ।

| लाभग्राही समूह | लाभग्राहीसङ्ख्या | वितरण रकम |
|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | ९३८२ | १११५९०००० |
| जेष्ठ नागरिक भत्ता (दलित) | ५१४ | ४०५९१६० |
| जेष्ठ नागरिक एकल महिला | ९८४ | ७८२५८०६ |
| विधवा | २३६३ | १८७०७५२३ |
| पूर्ण अपाङ्गता भत्ता | ३०० | ३५८७०१० |
| अति अशक्त अपाङ्गता भत्ता | ५४९ | ३५००५६० |
| दलित बालबालिका | ८६१ | १३१४८५२ |
| लोपन्मुख जाति | ० | ० |
| जम्मा | **१४९५३** | **१५०५८४९११** |

४४.२ अनुगमन तथा निरीक्षण : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिममन्त्रालय, बिभाग, प्रदेश मन्त्रालय तथा पालिकाका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको सुचक समेत वनाई निरीक्षण तथा अनुगमन गर्नुपर्ने ब्यबस्था छ।सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्यक्तिले सामाजिक सुरक्षा भत्ता लिए नलिएको र मृत्यु भएका व्यक्तिको विवरण सम्वन्धमा अनुगमन गरी प्रतिबेदन गर्नुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : थाक्रे गाउँपालिका, धादिङ , थाक्रे गाउँपालिका , धादिङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Bhisma Kumar Malla | २०८१-२-१७ | २०८१-७-२५ |
| कार्यालय प्रमुख | Bam Bahadur K.C. | २०८१-८-१२ | २०८२-०४-२६ |
| लेखा प्रमुख | Pawan Kharel | २०८०-८-२४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५७१,३०७.५ | १३,५८५,३२४ | ८,१५९,३४८.६७ | ० | ० | ८०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २२,३९५,९८०.१७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २२,३९५,९८०.१७ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ३६०४४०५१.८६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४६५१८३५६१.६६ | चालु खर्च | ४२२२६४८७९.३३ |
| प्रदेश सरकारबाट अनुदान | ८३८०७४२४.२२ | पूँजीगत खर्च | १७९९५५५८ |
| राजश्व बाँडफाँट | ६५४१३८१६.७८ | वित्तीय/अन्य व्यवस्था | ३५४६३४८४३.९ |
| आन्तरिक आय | ३१९१३५७०.३७ | | |
| अन्य आय | १६६८१८४०२.९९ | | |
| कुल आय | ८१३१३६७७६.०२ | कुल खर्च | ७९४८९५२८१.२३ |
| बाँकी मौज्दात | | ५४२८५५४६.६५ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.व.को कारोबार | | | गतआ.व. को कारोबार | | |
| | | | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १३,६७,७१,१९७.६६ | ० | १३,६७,७१,१९७.६६ | ११,९३,१३,३५८.२८ | ० | ११,९३,१३,३५८.२८ |
| १३००० | अनुदान | | ४०,९२,७७,७९६.३३ | ० | ४०,९२,७७,७९६.३३ | ४१,१६,०३,०८५.८० | ० | ४१,१६,०३,०८५.८० |
| १४००० | अन्यराजस्व | | ७,१७,४३,६४६.९८ | ० | ७,१७,४३,६४६.९८ | ६,९०,८३,३१७.३० | ० | ६,९०,८३,३१७.३० |
| १५००० | विविधप्राप्ति | | ४,२४,६९९.०० | ० | ४,२४,६९९.०० | २४,१३७.०० | ० | २४,१३७.०० |
| क | कुलजम्मा प्राप्ति | | ६१,८२,१७,३३९.९७ | | ६१,८२,१७,३३९.९७ | ६०,००,२३,८९८.३८ | | ६०,००,२३,८९८.३८ |
| ३ | चालु | | ४२,२३,०८,८१९.३३ | ० | ४२,२३,०८,८१९.३३ | ४३,५६,१७,९१५.५३ | ० | ४३,५६,१७,९१५.५३ |
| २१००० | पारिश्रमिक / सुविधा | | २६,९०,९५,०१९.०० | ० | २६,९०,९५,०१९.०० | २६,५६,०४,३००.९० | ० | २६,५६,०४,३००.९० |
| २२००० | मालसामानतथा सेवाको उपयोग | | १२,६३,९८,९९८.३३ | ० | १२,६३,९८,९९८.३३ | ११,५१,६६,६८१.४० | ० | ११,५१,६६,६८१.४० |
| २५००० | सहायता (Subsidy) | | ३६,५७,०१०.०० | ० | ३६,५७,०१०.०० | २९,७०,१९५.०० | ० | २९,७०,१९५.०० |
| २७००० | सामाजिकसुरक्षा | | १,९९,३०,१२३.०० | ० | १,९९,३०,१२३.०० | १,०७,१८,९७७.५५ | ० | १,०७,१८,९७७.५५ |
| २८००० | अन्यखर्च | | ३२,२७,६६९.०० | ० | ३२,२७,६६९.०० | ४,११,५७,७६०.६८ | ० | ४,११,५७,७६०.६८ |
| ४ | पूंजीगत | | १७,९९,५५,७६८.०० | ० | १७,९९,५५,७६८.०० | २०,८८,३३,९५९.०० | ० | २०,८८,३३,९५९.०० |
| ३१११० | भवनतथा संरचना | | ६६,५०,०००.०० | ० | ६६,५०,०००.०० | ५४,५८,३१७.०० | ० | ५४,५८,३१७.०० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ५७,६८,३०९.०० | ० | ५७,६८,३०९.०० | ६७,५८,३३३.०० | ० | ६७,५८,३३३.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | | ० | ० | ० | ४,००,०००.०० | ० | ४,००,०००.०० |
| ३११५० | सार्वजनिकनिर्माण | | १६,६४,१२,६४१.०० | ० | १६,६४,१२,६४१.०० | १९,६०,१७,३०९.०० | ० | १९,६०,१७,३०९.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | | ११,२४,८१८.०० | ० | ११,२४,८१८.०० | २,००,०००.०० | ० | २,००,०००.०० |
| ख) | कुलजम्मा भुक्तानी | | ६०,२२,६४,५८७.३३ | | ६०,२२,६४,५८७.३३ | ६४,४४,५१,८७४.५३ | | ६४,४४,५१,८७४.५३ |
| ग) | बचत /कमी (ग = क-ख ) | | १,५९,५२,७५२.६४ | | १,५९,५२,७५२.६४ | (४,४४,२७,९७६.१५) | | (४,४४,२७,९७६.१५) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -) | | ३४,१८,४२७.७६ | | ३४,१८,४२७.७६ | २,१३,०८३.८८ | | २,१३,०८३.८८ |
| घ.१) | कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी | | | | | -२७,६५०.०० | | -२७,६५०.०० |
| ङ) | यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ) | | १,९३,७१,१८०.४० | | १,९३,७१,१८०.४० | (४,४२,१४,८९२.२७) | | (४,४२,१४,८९२.२७) |
| च) | गतआ.व.को नगद तथा बैंक मौज्दात | | ३,४९,७४,०९७.९६ | | ३,४९,७४,०९७.९६ | ७,९१,८८,९९०.२३ | | ७,९१,८८,९९०.२३ |
| छ) | विनिमयनाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ५,४३,४५,२७८.३६ | | ५,४३,४५,२७८.३६ | ३,४९,७४,०९७.९६ | | ३,४९,७४,०९७.९६ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चिततताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।